# प्रभाव दैनिक
National Daily

वर्ष ६ अंक ३१६ काठमाडौं सोमबार, १ बैशाख २०७७ Prabhab National Daily, Monday, April 13, 2020 URL www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



नयाँ वर्ष २०७७ को उपलक्ष्यमा हाम्रा पाठक, विज्ञापनदाता, पत्रकार, लेखक, कर्मचारी र शुभचिन्तकहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना ।

अध्यक्ष
दुर्गा बहादुर लिम्बु
तथा
प्रभाव पब्लिकेसन प्रा.लि. परिवार


सन्दर्भ : वैदेशिक रोजगार

## कोरोना प्रभावित उद्धार तथा सहयोग कार्यदल गठन

■ योगी योगेन्द्र

**दोहा–** एनआरएनए साउदीद्वारा कोरोना प्रभावित उद्धार तथा सहयोग कार्यदल गठन भएको छ । कोरोना भाइरसले डर त्रासको वातावरण सिर्जना गरिरहेको बेला साउदी अरबमा रहेका नेपाली श्रमिकहरूप्रति भइपरी आउने आपतकालिन परिस्थितिलाई मध्यानजर गर्दै गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् साउदी अरबको नेपाली श्रमिकलाई आइपर्ने विपत्तिउपर सहयोग गर्नका लागि कोरोना प्रभावित उद्धार तथा सहयोग समिति गठन गरेको एनआरएनए मध्यपूर्व सहसंयोजक राजेन्द्र अर्यालले जानकारी दिएका छन् ।

साउदी अरबमा कोरोनाको भाइरसबाट संक्रमितको संख्या ४ हजार ३३ पुगेको छ । कुल संक्रमितहरूमध्ये हालसम्म ७२० जना निको भएका छ भने ५२ जना संक्रमितको मृत्यु भएको छ । ५ जना नेपालीसमेत कोरोनाको चपेटामा परेलगत्तै गैरआवासिय नेपाली संघ साउदी अरबले उक्त कार्यदललाई साउदी अरबका विभिन्न सहरमा कुनै पनि नेपाली श्रमिकलाई आइपर्ने विपत्तिउपर सहयोग गर्नका निम्ति संघको आपत्कालिन कोषबाट न्यूनतम ५ लाख बराबरको कोष निकासा गर्ने निर्णय गरेको मध्यपूर्व सहसंयोजक अर्यालले बताए ।

राहतका लागि थप रकम आवश्यक परेको खण्डमा पुनः अर्को बैठकद्वारा आवश्यक कदम चाल्ने र मध्यपूर्वका सम्पूर्ण एनसिसी र अन्तरराष्ट्रिय समन्वय परिषद्सँग समेत परामर्श लिने निर्णय गरेको छ ।

कार्यदलले कोरोना प्रभावित नेपालीहरूको तथ्यांक संकलन गर्न बिशेष फारमको तयारी गरी कोरोना संक्रमित तथा बन्दको कारण अप्ठ्यारोमा परेकाहरू जसअन्तर्गत कम्पनी बन्द भएको, कम्पनीले तलब सेवासुबिधा नदिएको, खानेपानीको अभाव भएको र नेपाली दूताबास र महाबाणिज्यदूताबासको समेत रुजु वा अनुरोध अनुमोदन भएको आदिको पहिचान गरी आवश्यक सहयोग गर्ने निर्णय गरेको आइसिसी सदस्य नारायण पासवानले बताए ।

कार्यदलले विशेष कार्यदिशा निर्माण गरी यथाशिघ्र साउदीस्थित नेपाली दूताबास र महाबाणिज्य दूताबाससँग समन्वय र परामर्श गरेर राहत तथा उद्धार अभियानको सुरुवात गर्ने भएको छ । कुनै पनि नेपालीलाई अचानक ज्वरो आउने, सुख्खा लहरे खोकी, टाउको दुख्ने, झाडा बान्ता हुनेजस्ता लक्षण देखिएमा तुरुन्त साउदी सरकारले उपलब्ध गराएको एम्बुलेन्स सेवामा सम्पर्क गर्नुको साथै गैरआवासीय नेपाली संघ साउदी अरबका प्रतिनिधिहरूलाई समेत सम्पर्क गर्न सकिने मध्यपूर्व सहसंयोजक अर्यालले बताए ।

## कोरोनाबाट १४ एनआरएनको मृत्यु

■ प्रभाव संवाददाता

**काठमाडौं–** कोरोना भाइरस(कोभिड-१९) बाट १४ जना गैरआवासीय नेपालीहरू (एनआरएन) को मृत्यु भएको छ । एनआरएनका अध्यक्ष कुमार पन्तको अध्यक्षतामा गठित उच्चस्तरीय समितिअन्तर्गतको स्वास्थ्य समितिले संकलन गरेको तथ्यांकअनुसार शनिबार साँझसम्म १४ जनाको मृत्यु भएको हो ।

शनिबार एनआरएनएले जारी गरेको प्रेस विज्ञप्तिअनुसार बेलायतमा ८, अमेरिकामा ५, युएईमा १ जनाको ज्यान गएको छ । समितिका अनुसार ६ सय ६५ जना गैरआवासीय नेपालीहरू कोरोनाबाट संक्रमित भएका छन् ।

विदेशस्थित नेपाली राजदूताबास, गैरआवासीय नेपाली संघका शाखाहरू तथा स्थानीय संघसंस्थाद्धारा प्राप्त सूचनाका आधारमा सो आँकडा तयार पारिएको समितिले जनाएको छ । संक्रमित हुनेमा देशमा अमेरिका ५ सय, बेलायत १ सय, स्पेन १८, युएई १०, जर्मनी ४, पोर्चुगल ८, अष्ट्रेलिया ९, साउदी अरब ४, कुवेत ५, जापान १, मलेसिया १, म्यानरमार १ र हङकङ १ जना कोरोना संक्रमित रहेको समितिले जनाएको छ । गैरआवासीय नेपालीले सामना गर्नु परेको समस्यालाई सुनुवाइ गर्ने उद्देश्यले एनआरएनएले आइतबारदेखि टेलिफोन हेल्पलाइन सञ्चालनमा ल्याएको छ ।

एनआरएनएले जारी गरेको तथ्यांकमा बहराइनलगायत कतिपय मुलुकमा रहेका कोरोना संक्रमित नेपालीको संख्या समावेश गर्न छुटपुट भएको बताइन्छ । त्यसो त कतिपय मुलुकको तथ्यांक अस्पष्ट भएकोसमेत बताइएको छ । नेपालीहरूका कतिपय गन्तव्य मुलुकहरूमा राजदूताबास नहुँदासमेत कोरोना संक्रमित नेपालीको यकिन तथ्यांक आउन सकेको छैन ।

यता, काठमांडौमा रहेको संघको सचिवालयबाट २४सै घन्टा सञ्चालन हुने यस हेल्पलाइनमा कोरोना महामारीका कारणले अलपत्र परेका नेपाली, वैदेशिक रोजगारीमा रहेका नेपाली, नेपाली विद्यार्थीलगायतले फोन गरेर आ-आफ्ना समस्या टिपाउन सक्नेछन् । भाइबर, ह्वाट्सअपबाट पनि हेल्पलाइनमा सम्पर्क गर्न सकिने सघले जनाएको छ ।

## कुवेतमा थप नेपाली कोरोना संक्रमित

■ प्रभाव संवाददाता

**दोहा–** कुवेतमा कोरोना संक्रमित नेपालीको संख्या बढ्दै गएको छ । कुवेतमा लकडाउनको अवधिमा पनि आइतबार मात्र थप दुई जनामा कोरोना संक्रमण देखिएको हो ।

यो सँगै संक्रमित नेपालीको संख्या ११ पुगेको छ । संक्रमण बढ्दै गएको भन्दै नेपाली श्रमिकलाई उच्च स्वास्थ्य सतर्कता अपनाउन कुवेतस्थित नेपाली दूताबासले अपिल गरेको छ । कुवेतमा अहिलेसम्म कुवेतमा ११ जना नेपालीसमेत गरी १ हजार २ सय ३४ जनामा कोरोना संक्रमण देखिएको छ भने एक जनाको ज्यान गएको छ । यस्तै १ सय ४२ जना निको भएर घर फर्केका छन् ।

मासु तथा अण्डा राम्रोसँग पकाएर खान, सागपात, फलफूत राम्रोसँग धोएर मात्र खान, जंगली तथा घरपालुवा पशुपंक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहन, आफू बिरामी परेको बेलामा घरमा छुट्टै कोठामा बस्न तथा ज्वरो, रूघा, खोकी वा श्वासप्रश्वासमा समस्या देखिए दूताबासमा सम्पर्क गर्न र आफ्नो अवस्थाबारे जानकारी गराउन दूताबासले अनुरोध गरेको छ साथै कुवेत सरकारले जारी गर्ने स्वास्थ्य सम्बन्धी निर्देशनहरू पालना गर्न भनेको छ ।

लकडाउन तथा कर्फ्यू लागेका बेला लामो समय घरभित्र रहँदा आफूलाई स्फूर्त राख्न व्यायाम तथा योगा गर्न, गीत, संगीत, साहित्य सिर्जनाजस्ता रचनात्मक कार्य गर्न दूताबासले अनुरोध गरेको छ ।

विश्वव्यापी कोरोना कहर

# नेपालमा थपिए तीन संक्रमित



■ प्रभाव संवाददाता

**काठमाडौं–** एक सातासम्म नेपालमा नयाँ संक्रमित भेटिएको थिएन । यसैबेला आइतबार एकैपटक थप तीन जनामा कोरोना संक्रमण भेटिएको छ । यो सँगै नेपालमा जोखिम बढेको छ ।

एक सातासम्म कोरोना भाइरसको नयाँ संक्रमित नभेटिएपछि केही ढुक्क भएको नेपाली यससँगै थप त्रासमा परेका छन् । हेटौंडामा शुक्रबार गरिएको प्रारम्भिक परीक्षणमा कोभिड-१९ पोजेटिभ देखिएपछि पुनः परीक्षणका लागि काठमाडौं पठाइएका तीन भारतीय नागरिकको स्वाब नमुनामा कोरोना भेटिएको पुष्टि भएको हो । यससँगगै नेपालमा १२ जना कोरोना संक्रमण भेटिएको छ । तर, जसमा एक जना निको भएर घर फर्किसकेका छन् । अन्य संक्रमितहरूको पनि स्वास्थ्य अवस्था सामान्य रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

संघीय स्वास्थ्य मन्त्रालय र वाग्मती प्रदेशको सामाजिक विकास मन्त्रालय स्रोतले पुनः परीक्षणमा पनि पोजेटिभ देखिएको पुष्टि गरेको हो । टेकुस्थित प्रयोगशाला स्रोतले पनि संक्रमण देखिएको पुष्टि गरेको छ ।

वाग्मती प्रदेशको सामाजिक विकास मन्त्रालयले हेटौंडामा गरिएको कोरोना भाइरसको स्वाब परीक्षणमा तीनजनाको रिपोर्ट पोजेटिभ देखिएपछि थप परीक्षणका लागि शनिबार काठमाडौंस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाएको थियो । शनिबार साँझ काठमाडौंबाट नतिजा पोजेटिभ देखिएको खबर आएको मन्त्रालयले बताएको छ ।

कोरोना पोजेटिभको सुचना पुगेपछि संक्रमितहरूलाई राखिएको वीरगन्जस्थित नारायणी क्षेत्रीय अस्पतालमा इमर्जेन्सीबाहेक अन्य सेवाहरू बन्द गरिएको छ ।

शुक्रबार दिउँसो २ बजे हेटौंडा-१० स्थित किटजन्य रोग अनुसन्धान तालिम केन्द्रमा ३५ जनाको कोरोना परीक्षण रिपोर्ट जारी गर्दा वीरगन्जको एक मस्जिदमा बसिरहेका तीन भारतीय मुस्लिम धर्म प्रचारकहरूमा कोरोनाको आशंका गरिएको थियो । लगत्तै उनीहरूलाई वीरगञ्जको छपकैयाँस्थित मस्जिदबाट नारायणी क्षेत्रीय अस्पतालको आइसोलेसनमा सारिएको थियो ।

शनिबार साँझ उनीहरूसँगै छपकैयाँस्थित श्रीराम हल अगाडिको मस्जिदमा बस्दै आएका अन्य २१ धर्मप्रचारकहरूलाई पनि क्वारेन्टाइनमा पठाइएको छ । उनीहरूलाई स्थानीय सिद्धार्थ माविको क्वारेन्टाइनमा सारिएको छ । बिहीबार छपकैयाँ र बाराको घुसुकपुर मस्जिदका २४ जना धार्मिक गुरु नारायणी क्षेत्रीय अस्पतालमा 'स्क्रिनिङ'का लागि आएका थिए । उनीहरूले धेरैलाई भेटेको हुनसक्ने भएकाले चिन्ता बढाएको छ । भारतबाट आएका दुई जनामा यसअघि नै संक्रमण देखिएको थियो ।

## २२ हजार स्वास्थ्यकर्मी संक्रमित : डब्लुएचओ

**जेनेभा(एजेन्सी)–** विश्व अहिले कोरोना भाइरसबाट प्रभावित छ । चीनको उहानबाट फैलिएको यो भाइरसले कसैलाई पनि छाडेको छ । अहिलेसम्म दुई सय ८ भन्दा देश यो संक्रमणबाट प्रभावित बनेको छ ।

यस्तै, कोरोनाभाइरस (कोभिड-१९)को संक्रमणका कारण बढी प्रभावित विश्वका विभिन्न ५२ मुलुकमा २२ हजार स्वास्थ्यकर्मी संक्रमित भएका विश्व स्वास्थ्य संगठनले आइतबार जानकारी गराएको छ ।

डब्लुएचओको दैनिक रिपोर्टअनुसार कोभिड-१९ का कारण २२ हजार ७३ जना स्वास्थ्यकर्मी संक्रमित भएका छन् । गत बुधबारसम्मको प्रतिवेदनबारे जानकारी दिँदै अधिकारीले भनेका छन्, 'संक्रमित स्वास्थ्यकर्मीको तथ्यांकलाई व्यवस्थित गर्न नसकिएको तर डब्लुएचओले प्राप्त गरेको तथ्यांकमा २२ हजार ७३ जना स्वास्थ्यकर्मी संक्रमित भएको पाइएको छ ।'

प्रारम्भिक तथ्याङकले अधिकांश स्वास्थ्यकर्मीलाई कोरोनाभाइरस संक्रमण विरामीलाई उपचार सेवा दिने क्रममा भएको देखाएको छ । तर, कतिपय स्वास्थ्यकर्मी आफ्नै समुदायमा फैलिएको संक्रमणका कारण विरामी परेका जाइएकाको छ । उनीहरूमा देखिएको संक्रमण प्राय संक्रमित भनेर उपचारका लागि लगिएका विरामीसँगबाट भन्दा पनि विरामीका आफन्तजनबाट सरेको पाइएको छ ।

संक्रमित विरामीसँग चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीले अपनाउनु पर्ने सावधानीका बावजुद् पनि उनीहरू संक्रमित भएका तथ्यहरू भेटिएको डब्लुएचओले जनाएको छ ।

राष्ट्रपतिद्वारा नयाँ वर्षको शुभकामना

## जीवन बचाउन सामाजिक दूरीको विकल्प छैन

■ प्रभाव संवाददाता



**काठमाडौं–** राष्ट्रपति विद्यादेवी भण्डारीले नयाँ वर्ष आगमनको यस उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु, भ्रातृत्व, एकताका साथै सर्वागीण विकास र प्रगतिका लागि शुभकामना व्यक्त गरेकी छन् ।

नयाँ वर्ष २०७७ का उपलक्ष्यमा आइतबार शुभकामना सन्देश दिँदै राष्ट्रपति भण्डारीले यस धर्तीमा आज कोरोनाभाइरसले एक लाखभन्दा बढी मानिसको जीवन समाप्त पारिसकेको र लाखौंलाख संक्रमणबाट प्रभावित भई जीवनका निम्ति संघर्ष गरिरहेका बेला आपसी सहयोग, लोककल्याण, त्याग र समर्पणलाई थप सशक्त तुल्याउनुपर्नेमा जोड दिएकी छन् ।

सन् २०१९ को अन्त्यतिर विश्वव्यापी महामारीको रूप लिएको नोबल कोरोनाभाइरस (कोभिड–१९)को रोकथाम, नियन्त्रण र उपचारलाई प्रभावकारी तुल्याएर अमूल्य मानव जीवन बचाउन अहिलेको सबैभन्दा उत्तम विकल्प 'लकडाउन' र सामाजिक दूरी कायम गर्नुपर्ने देखिएको जनाउँदै उनले अब हाम्रो अर्थतन्त्रमा पर्न सक्ने प्रतिकूल प्रभाव कम गर्नका लागि यहाँका आन्तरिक स्रोत उर्वर भूमि, जलसम्पदा, वनजंगल र जैविक विविधता सदुपयोग गर्दै दिगो विकास हासिल गर्न अग्रसर हुनु हाम्रो गहन दायित्व हुन आएको औंल्याएकी छन् ।

'नेपाल सरकारले 'समृद्ध नेपाल सुखी नेपाली'को साझा राष्ट्रिय आकांक्षा हासिल गर्न अग्रसर भएसँगै विकासका प्रयास तीव्रताका साथ अगाडि बढेका छन् । गत वर्ष हामीले महत्वपूर्ण आर्थिक वृद्धि हासिल गर्न सफल भयौं । विनाशकारी भूकम्पले भत्काएका निजी आवास तथा ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माणमा सफलता हासिल भएको छ ।

राष्ट्रव्यापी सडक सञ्जाल निर्माणमा निरन्तरता, विभिन्न जलविद्युत् परियोजनाहरू सम्पन्न हुने क्रमले यस वर्ष हाम्रो राष्ट्रिय आय र जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिरहेकै बेला हामी विश्वव्यापी महामारीको चपेटामा परेका छौं' राष्ट्रपतिको सन्देशमा भनिएको छ ।

कोरोनाभाइरस सिर्जित यस विपद्मा साझा प्रयास गर्दा मानवजातिको जीत सुनिश्चित रहेको बताउँदै राष्ट्रपतिले उच्च मनोबल र सकारात्मक सोचका साथ महामारीको रोकथाम एवं नियन्त्रणका लागि सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइलाई पुनः एकजुट भई अगाडि बढ्न नयाँ वर्षले ऊर्जा प्रदान गर्नेछ भन्ने विश्वास व्यक्त गरेकी छन् ।




# लकडाउनमा सडक र पुल निर्माण

■ प्रभाव संवाददाता



**काठमाडौं–** 'लकडाउन' जारी रहेसँगै आवश्यक स्वास्थ्य सावधानी अपनाएर विभिन्न स्थानका सडक आयोजनालाई निरन्तरता दिइने भएको छ । सडक विभागले सरकारले घोषणा गरेको 'लकडाउन'को केही दिन पछिबाटै रोकिएका बिभिन्न आयोजनाको निर्माण अघि बढाउने भएको हो ।

अहिले ६० देखि ६५ पुल आयोजना निर्माण अघि बढाउन लागिएको सडक विभागले जनाएको छ । काठमाडौं उपत्यका र उपत्यका बाहिरका विभिन्न स्थानमा निर्माणाधीन सडकमा सामाजिक दूरी कायम गरी निर्माण अघि बढाउन लागिएको हो । काठमाडौं उपत्यकामा सामान्य अवस्थामा सवारी चापले गर्दा कठीन हुने स्थानमा अहिले मर्मत गरिने विभागका महानिर्देशक केशवकुमार शर्माले बताए । उनले भने, 'धेरै स्थानमा भीडभाड नहुने र आवश्यक स्वास्थ्य सावधानी अपनाएर निर्माण गर्न सकिन्छ ।'

विभिन्न स्थानमा सडक र पुल निर्माण अघि बढाउन अनुमति माग्न विभागले कोरोना संक्रमण रोकथाम समितिलाई पत्र समेत लेखिसकेको छ । समितिले सम्बन्धित जिल्लाका प्रशासन कार्यालयलाई पत्र लेखेपछि काम गर्ने वातावरण बन्ने महानिर्देशक शर्माले बताए । थोरै आयोजनामा अहिले पनि सामाजिक दूरी कायम गरेर निर्माण अघि बढिरहेको त्यहाँस्थित डिभिजन सडक कार्यालयले जानकारी दिएका छन् । ती स्थानमा एक मिटरको दूरी कायम राखेर माक्स र सेनेटाइजर प्रयोग गरेर मजदुर निर्माणमा खटिएको महानिर्देशक शर्माले बताए । उनले भने, 'कुनै साइटमा स्वास्थ्यकर्मीसमेत राखेर काम भइरहेको जानकारी आएको छ ।'

आमनागरिकको स्वास्थ्यलाई ध्यानमा राखेर सरकारले 'लकडाउन'को अवधि थप गर्दा भौतिक पूर्वाधारको भने अलपत्र केही योजना सम्पन्न गराउन निर्माण अघि बढाउन लागिएको हो । त्रिभुवन राजमार्ग र कोशी राजमार्गमा सडक निर्माण अघि बढाइने भएको छ । त्यससँगै, झापा, सप्तरी, सुनसरी... 

त्यससँगै, झापा, सफ्वासभा, कैलाली, मकवानपुर, मुगु, जुम्लालगायत जिल्लामा पनि निर्माण शुरु हुने उहाँले जानकारी दिए । उनले भने, 'निर्माण त्यसै छाड्दा नोक्सान हुने स्थानलाई छनोट गरिएर काम अघि बढाउन लागिएको हो ।'

देशभरमा हाल संघीय सरकारले निर्माण गरिरहेकै एक हजारभन्दा बढी पुल भएपनि त्यसमा अहिले ६०/६५ पुल मात्रै छनोट गरिएको छ ।

तीमध्ये अधिकांशमा थोरै मात्रै काम बाँकी छ । ती योजनामा दुईचार दिन काम हुँदा सम्पन्न हुने महानिर्देशक शर्माले बताए ।

त्यस्तै, निर्माण व्यवसायीले पनि ती योजनामा काम गर्न सकिने बताएका छन् । उनले भने, 'समितिबाट अनुमति आएपछि नै काम अघि बढाइनेछ ।'

'लकडाउन' घोषणा पहिलेसम्म काठमाडौं उपत्यकाका विभिन्न स्थानमा मर्मत भइरहेको थियो । त्यस्तो मर्मतका लागि कम जनशक्ति भए पुग्ने हुँदा अहिले पनि निरन्तरता दिन सकिने महानिर्देशक शर्माले बताए । एउटा गाडि र एक जना चालक र थोरै संख्यामा अरु कामदार भएपछि मर्मत कार्य गर्न सकिने उनले जानकारी दिए । उपत्यका बाहिरिने मुख्य नाका नौबिसेमा काठमाडौं जिल्लापट्टिको काम सम्पन्न भइसकेको छ । खानेपाइपका कारण निर्माणमा कठीनाई आइरहेको गौशाला-चावहिल सडकसमेतमा निर्माण 'लकडाउन'का कारण ठप्प छ । यी सडकमा चाँडै निर्माण अघि बढाउन सकिने महानिर्देशक शर्माले बताए । उनले भने, 'सवारी चाप नभएको समयमा निर्माण गर्न सहज पनि छ ।'

नेपाल निर्माण व्यवसायी महासंघले गत साता नै प्रेस विज्ञप्तीमार्फत सरकारलाई निर्माण अघि बढाउन वातावरण बनाउन अनुरोध गरेको थियो । महासंघका महासचिव रोशन दाहालले कुनै स्थानमा फर्मा ठोकेको त कतै खाल्डा खनेको गरी निर्माण अलपत्र अवस्थामा रहेको बताए ।

वर्षा शुरु हुनु पहिले ती काम सम्पन्न नगर्दा त्यो क्षति हुने उनले बताए । महासंघले वर्षामा क्षति पुग्ने पुल र नदी नियन्त्रणका काम अघि बढाउन सहजीकरण गर्न सरकारलाई अनुरोध गरेको हो । अधिकांश आयोजना मजदुर निर्माणस्थल मै रहेकाले काम गर्न सकिने उनले बताए ।

# एनआरएन कोरियाको धन्यवाद ज्ञापन

■ प्रभाव संवाददाता

**काठमाडौं–** गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् दक्षिण कोरिया (एनआरएन)ले ' एक व्यक्ति एक किट्स सहयोग अभियान'मा साथ र सहयोग गर्नेहरूप्रति धन्यवाद व्यक्त गरेको छ ।

एनआरएन कोरियाले उक्त अभियानमार्फत कोरोना भाइरसको संक्रण जाँच गर्ने दुई हजार थान किट्स नेपाल सरकारलाई सहयोग गरेको छ । उक्त अभियानमा सहयोग गर्ने सबैलाई प्रेस विज्ञप्तिमार्फत धन्यवाद व्यक्त गरेको हो ।

एनआरएन कोरियाका अध्यक्ष यज्ञराज सुवेदीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'हाम्रो मातृभूमि नेपालमा देखापरेको कोरोना भाईरस र सो को परिक्षणका लागि आवश्यक परिक्षण किट्स सहयोगका लागि गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् दक्षिण कोरियाको संयोजकत्वमा कोरियास्थित सामाजिक अभियन्ता विभिन्न नेपाली संघसंस्थाहरूको सहयोगमा संचालित 'एक व्यक्ति एक किट्स सहयोग अभियान'अन्तर्गत अति छोटो समयमा हामीले आँकलन गरेभन्दा अत्याधिक धेरै सहयोग उपलब्ध गराइदिनु हुने सम्पूर्ण कोरियावासी नेपाली दाजुभाई तथा दिदीबहिनीहरू एवं कोरियन शुभचिन्तकहरूमा हार्दिक एनआरएन कोरिया हार्दिक धन्यवाद व्यक्त गर्दछु ।'

उक्त सहयोग अभियानका क्रममा दक्षिण कोरियामा रहेका नेपाली समुदायमा देखिएको अभुतपूर्व एकताप्रति समेत एनआएनले धन्यवाद व्यक्त गर्दै भनेको छ, 'हाम्रो मातृभूमि प्रतिको स्नेहले स्वदेश तथा बिदेशमा रहेका हाम्रो नेपाली डायोस्पोरामा एक छुट्टै, सकरात्मक र अनुकरणीय सन्देश प्रभाव गरेको बिश्वास एनआरएन कोरियाले लिएको छ ।'

एनआरएन कोरियाले सहयोगस्वरूप प्रदान गरेको उक्त किट्स नै शुक्रबार नेपाल आइपुगेको छ । एनआरएन कोरियाले उक्त सहयोग स्वास्थ मन्त्रालयलाई हस्तान्तरण गरेको जनाएको छ । एनआरएन कोरियाले तत्कालका लागि दुई हजार किट्स नेपाललाई सहयोग गरेको जनाएको छ । योजनाअनुरूप किट्स प्रदान गर्ने कम्पनी डोगेनसँग सम्झौता गरेर ती किट्स नेपाल सरकारलाई पठाएको थियो । त्यसका लागि एनआरएन कोरियाले त्यहाँ रहेका नेपालीसँग सहयोग संकलन अभियान थालेको थियो । त्यहाँ रहेका नेपालीले प्रतिव्यक्ति एक किट्स बराबर रकम सहयोग गर्न एनआरएन कोरियाका अध्यक्ष सुवेदीले आग्रह गरेका छन् ।

उक्त किट्स कोभिड-१९ को संक्रमणको शंका भएका बिरामीमा हो हैन भन्ने पुष्टि गर्न प्रयोग हुन्छ । किट्समा बिरामीको र्‍याल राखेर स्क्यान मेसिनमा स्क्यान गरिएपछि तीन घण्टामै कोभिड बिरामी हो वा हैन भन्ने पत्ता लाग्छ ।

उक्त किट्स चीन हुँदै नेपाल पठाइएको थियो । दक्षिण कोरियामा झण्डै ६० हजार नेपाली विभिन्न स्थानमा बसोबास गर्छन् । हालसम्म कोरियामा रहेका नेपाली कोरोना संक्रमणबाट सुरक्षित रहेका छन् ।

# राजदूतहरूले दिए एक महिनाको तलब

■ प्रभाव संवाददाता

**काठमाडौं–** मध्यपूर्व तथा खाडी देशमा खटिएका नौ नेपाली राजदूतले आफ्नो एक महिनावापतको तलब कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा जम्मा गर्ने भएका छन् ।

इजराइल, इजिप्ट, ओमान, कतार, कुवेत, पाकिस्तान र बहराइन, साउदी अरब र युएईका नेपाली राजदूतले आफ्नो एक महिनावापतको तलब सरकारले स्थापना गरेको उपचार कोषमा जम्मा गर्ने निणर्य गरेको बहराइनका लागि नेपाली राजदूत पदम सुन्दासले जानकारी दिए ।

कतारका लागि नारदनाथ भारद्वज, इजराइलका लागि डा अञ्जना शाक्य, इजिप्टका लागि झविन्द्रप्रसाद अर्याल, ओमानका लागि शर्मिला पराजुली ढकाल, कुवेतका लागि दुर्गाप्रसाद भण्डारी, पाकिस्तानका लागि सेवा लम्साल, बहराइनका लागि सुन्दास, युएईका लागि कृष्णप्रसाद ढकाल र साउदी अरबका लागि महेन्द्रप्रसाद सिंह राजपुतले एक महिनाको तलब राहत कोषमा दिने निर्णय गरेका हुन्

# मानव विकासद्वारा स्वास्थ्य सामग्री सहयोग

**काठमाडौं(प्रस)–** नेपाल-भारत मानव विकास एवं मैत्री संघले कोभिड-१९ को परीक्षण एवं उपचारमा खटिएका सुदूरपश्चिम प्रदेशका चिकित्सक तथा स्वास्थ्यकर्मीका लागि अत्यावश्यक व्यक्तिगत सुरक्षा सामग्री (पिपिई) तथा अन्य विभिन्न मेडिकल सामग्री सहयोग गरेको छ ।

संघले बिहीबार ती सामग्री खानेपानीमन्त्री बीना मगरलाई हस्तान्तरण गरेको हो । कोरोना रोकथाम तथा नियन्त्रणको समन्वय गर्न सरकारले सो प्रदेशका लागि खानेपानी मन्त्री मगरलाई जिम्मा दिएको छ । शहरी विकास राज्यमन्त्री रामवीर मानन्धरले संघले उपलब्ध गराएको २०० थान पिपिई लगायतका सामाग्री खानेपानी मन्त्री मगरलाई हस्तान्तरण गरेका हुन् ।

कोरोनाविरुद्धको स्वास्थ्य उपचारमा संलग्न चिकित्सकका लागि प्राप्त भएको व्यक्तिगत सुरक्षा सामाग्रीलगायत अन्य सामान मन्त्री मगरले सुदूरपश्चिम प्रदेश सरकारलाई हस्तान्तरण गर्नेछन् । ती स्वास्थ्य सामग्री ग्रहण गर्दै मन्त्री मगरले संस्थालाई धन्यवाद दिँदै विपद्को समयमा आआफ्नो स्थानबाट सक्दो सहयोग गर्न सबैलाई आग्रहसमेत गरेकी छन् ।

## आजको राशिफल



**एस्ट्रो राधे, गौरीघाट, काठमाडौं**
**(सम्पर्क**- ९८४९२६८९८२)

२०७७ वैशाख १ गते सोमबार
बैशाख कृष्ण षष्ठी तिथि ।
सन् २०२० अप्रिल १३ तारिख ।

| | |
|---|---|
| **मेष** | मिष्ठान्न भोजन, व्यापारिक प्रगती । |
| **वृष** | शत्रु पराजय, भ्रमण । |
| **मिथुन** | मानसम्मान मिल्ने, सन्तान सुख । |
| **कर्कट** | अनावश्यक चिन्ता, नयाँ साथीभाइ । |
| **सिंह** | आकसमीक लाभ, दाम्पत्य सफल । |
| **कन्या** | नोकरीमा पदोन्नती, पारीवारीक दुख । |
| **तुला** | ज्ञान आर्जन, सन्तान सुख । |
| **वृश्चिक** | सन्चित धन नाश, काममा ढिला सुस्ती । |
| **धनु** | काममा जोशजागर, पठनपाठनमा प्रगती |
| **मकर** | असफल काम बन्ने, झुटो आरोप । |
| **कुम्भ** | अनावश्यक तनाव, प्रेम असफल । |
| **मीन** | पारीवारीक सुख, सन्तान प्राप्ती । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

बैशाख १ गते, २०७७ ( १३ अप्रिल २०२०)

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# जिल्लामा गुणस्तरहीन नुन वितरण

■ उपेन्द्र न्यौपाने

**सिञ्जा**–कोरोना भाइरस रोकथामका लागि गरिएको लकडाउनको समयमा यहाँको हिमा गाउँपालिकाले नेपाल साल्ट ट्रेडिङमार्फत नागरिकलाई बाँडेको नुन मिति नाघेको भेटिएपछि स्थानीयवासीबाट चर्को आलोचना तथा विरोध भएको छ ।

नेपाल साल्ट ट्रेडिङ कार्यालय सिञ्जा डिपोबाट वितरण गरेको नुन सन् २०१६ र २०१७ को भएको भन्दै विरोध भएपछि स्थानीय प्रशासनले तीन दिनमा गुणस्तरबारे जानकारी दिन साल्ट ट्रेडिङलाई अन्तिम चेतावनी दिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी तथा सूचना अधिकारी ओमप्रकाश देवकोटाले विज्ञप्ति जारी गरी वितरित नुनको गुणस्तरण सम्बन्धमा साल्टट्रेडिङ कर्पोरेशन लिमिटेड जुम्लालाई लेखिएको पत्रमा हिमा गाउँपालिकाले वितरण गरेको नुनको जिल्ला प्रहरी कार्यालयको बड्की र जुगाँड प्रहरी चौकीको टोलीले अनुगमन गरेको र दुई घरमा नुनको प्याकेट हेर्दा दुई वर्षसम्म नुन प्रयोग गर्न उपयुक्त हुने उल्लेख भएको तर सन् २०१६ र २०१७ मा उत्पादित नुन रहेको भेटिएको जानकारी गरिएको छ । अर्को व्यवस्था नभएसम्म नुन वितरण नगर्नु भन्दै गाउँपालिकालाई बोधार्थ दिइएको छ । यसैगरी वितरित नुनको गुणस्तरको आधिकारिकता सम्बन्धमा नेपाल साल्ट ट्रेडिङ नेपालगञ्जलाई समेत बोधार्थ दिइएको छ ।

जिल्ला प्रशासन कार्यालयको सामाजिक सञ्जालमा राखिएको चेतावनीसहितको पत्रमा भनिएको छ, 'साल्ट ट्रेडिङमार्फत गाउँपालिकामा बाँडिएको नुनले मानव स्वास्थ्यमा प्रतिकूल असर गर्छ या गर्दैन ? वितरित नुनका कारणले सार्वजनिक शान्ति सुरक्षामा समेत खलल पुऱ्याउन सक्ने सम्भावना देखिएकाले नुन वितरणको आधिकारिक सुनिश्चितता गर्ने जिम्मेवारी त्यहाँ कार्यालयलाई नै भएकाले तथ्य खुलाई पत्र प्राप्त भएको तीन दिनभित्र लिखित जानकारी दिन आदेश गरिएको छ ।' यसैगरी प्रशासनले गृह मन्त्रालय शान्ति, सुरक्षा तथा अपराध नियन्त्रण शााखालाई पनि बोधार्थ दिएको छ ।

हिमा गाउँपालिका-१ बड्की निवासी प्रतिभा शाहीले जिल्ला प्रशासन कार्यालयलाई मिति छानबिन गरी पाऊ भन्दै लेख्नुभएको निवेदन सामाजिक सञ्जालमा भाइरल भएको छ । 'सामाजिक सञ्जालमा व्यापकरूपमा गुनासो आएपछि स्थानीय प्रशासनलाई हामीले सोधेका थियौँ' प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडेले भने, 'कुनै आधिकारिक मुद्दा स्थानीय प्रशासनमा दर्ता नभए पनि जनताको गुनासोका विषयमा के भएको भन्ने विषयमा 'एक्सन' लिएको र प्रशासनले साल्ट ट्रेडिङलाई लेखेको पत्र नै आधिकारिक हो ।'

साल्ट ट्रेडिङ जुम्लाका निमित्त कार्यालय प्रमुख खगेन्द्रबहादुर मल्लले गाउँपालिकालाई पत्र लेखेर प्रतिक्रिया दिए । साल्ट ट्रेडिङले लेखेको पत्रमा ५८५ क्विन्टल नुन हिमा गाउँपालिकालाई उपलब्ध गराइएको र केही वडामा केही परिमाण सन् २०१६ र २०१७ को वितरण भएको जानकारी आएकामा उपभोक्तालाई शंका लागेमा खाद्य प्रविधि तथा गुणस्तर विभागमा ल्याब टेष्ट गर्न सकिने उल्लेख छ ।

यता हिमा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत टोपबहादुर बुढाले जनतालाई हरेक घरधुरीमा २५ केजी नुन वितरण गर्ने निर्णयानुसार वितरण गरिएको जानकारी दिए । 'कार्यपालिकाले गरेको निर्णय हामीले कार्यान्वयन गरेका हौँ, तर कस्तो नुन भन्ने विषयमा साल्टट्रेडिङको जिम्मा भएकाले गुणस्तर नभएमा फिर्ता गर्न सकिनेछ' उनले भने । यसैगरी गाउँपालिकाले नुनको साथमा गाउँपालिकाका सबै घरधुरीलाई ३० केजी चामलसमेत वितरण गरेको उनले बताए । स्थानीयवासीले भने आपतको समयमा गाउँपालिकाले राहत दिनु निकै राम्रो भएको तर गुणस्तरीय नुन हुनुपर्ने बताउँदै आएका छन् । रासस

# भक्तपुर अस्पतालमा कोरोना परीक्षण सुरु



**भक्तपुर**–भक्तपुर अस्पतानलले कोरोना भाइरसको परीक्षणशुरु गरेको छ । विदेशबाट आएर घरमा एकान्तबास बसेका र उनीहरूसँगको सम्पर्कमा रहेकाको ऱ्यापिड किट (ऱ्यापिड डाइग्नोष्टिक टेष्ट) शुरु गरेको हो ।

भक्तपुर अस्पतालमा ऱ्यापिड किट आएकाले कोरोना भाइरसको परीक्षण आइतबारदेखि शुरु गरिएको अस्पतालका सुपरिटेन्डेन्ट डा सुमित्रा गौतमले जानकारी दिईन् । यसका लागि वागमति प्रदेश स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालयले जिल्ला स्वास्थ्य कार्यालय भक्तपुरमार्फत ३०० ऱ्यापिड किट अस्पतालका लागि पठाएपछि यहिँबाट परीक्षण शुरु गरिएको हो ।

विदेशबाट आएका र उनीहरूको सम्पर्कमा रहेर घरमा एकान्तबास बसेका, निर्धारित क्वारेन्टाइनमा बसेकाको १४ र आवश्यकता पर्नेको २१ दिनसम्म रहेकाको ऱ्यापिड किटमार्फत परीक्षण गरिने भएको हो । परीक्षणमा रिपोर्ट पोजेटिभ आएमा आइसोलेसनमा राखेर उपचार गर्ने र थप परीक्षण एवं उपचार आवश्यक परे काठमाडौंको सरुवा रोग नियन्त्रण अस्पताल टेकु पठाइने मेसु डा गौतमले जानकारी दिईन् । अस्पतालले अहिलेसम्म १५४ जनाको स्वाब नमूना संकलन गरी राष्ट्रिय प्रयोगशाला टेकु पठाएकोमा ९० जनाको रिपोर्ट नेगेटिभ आएको र अन्यको रिपोर्ट आउनै बाँकी रहेको उनले जानकारी दिए ।

रुघाखोकी लागेर दैनिक २५ देखि ५० जनासम्म स्वास्थ्य परीक्षणका लागि आएको जानकारी दिँदै अस्पतालले चार शैयाको आइसोलेसनलाई बढाएर १० शैय्यामा पुऱ्याएको जानकारी दिइन् ।आइतबार आठ जनाको आइसोलेसनमा उपचार भइरहेको जानकारी दिँदै उनले आइसोलेसनमा दैनिक बिरामी बढिरहेको बताईन् ।

जिल्लाका निजी अस्पतालसमेत बहिरङ्ग सेवालगायत अन्य उपचारसमेत बन्द गरिरहेको अवस्थामा भक्तपुर अस्पतालले भने बहिरङ्ग सेवा र अन्य उपचार सेवासमेत सञ्चालन गरिरहेको छ । जिल्लाका चार नगरपालिकामध्ये मध्यपुरथिमि नगरपालिकाले विदेशबाट फर्किएका ६२ जनाको पहिचान गरी उनीहरूको नमूनासंकलन गरेर नियमितरूपमा परीक्षण गरिरहेका नगर प्रमुख मदनसुन्दर श्रेष्ठले जानकारी दिए । चाँगुनारायण नगरपालिकाले जनप्रतिनिधीमार्फत वडावडामा विदेशबाट फर्किएकोको खोजी र पहिचान नगरपालिका कै एम्बुलेसन्स उपलब्ध गराई भक्तपुर अस्पताल लगेर नमूना परीक्षण गराइरहेको नगर प्रमुख सोमप्रसाद मिश्रले जानकारी दिए ।

यता सूर्यविनायक नगरपालिकाले पनि विदेशबाट फर्किएकाको पहिचान गर्दै नमूना संकलन गर्न भक्तपुर अस्पताल पठाउँदै उनीहरूको एकान्तबासको अनुगमन गरिरहेको नगरप्रमुख वासुदेव थापाले जानकारी दिए । भक्तपुर अस्पतालले भने मोवाइल एप्समार्फत फाराम भराएर विदेशबाट फर्किएकालाई भक्तपुर अस्पताल जान सूचना जारी गरेको छ ।

जिल्ला स्वास्थ्य कार्यालय भक्तपुरले आइतबारदेखि जिल्लाका अस्पतालको अनुगमनसमेत शुरु गरेको छ । कार्यालयका प्रमुख कृष्ण मिजारले आज भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य, सिद्धिस्मृति अस्पताल र डा इवामुरा अस्पतालको अनुगमन गर्ने जानकारी दिए । जिल्लाको सबै अस्पतालको अनुगमन गरिने उनको भनाइ छ । जिल्लामा सञ्चालित निजी अस्पतालले बिरामी गेटबाटै फर्काउने गरेको र कुनै पनि रोगको उपचार नगरेको गुनासो व्यापक आएको छ । सरकारले उपचार नगर्ने निजी अस्पताललाई कारबाही गरी उपचारको व्यबस्था मिलाउन स्थानीयवासीले माग गरेका छन् । रासस

# मुक्त हलियालाई छाक टार्न मुस्किल



■ राजेन्द्र पनेरू

**कञ्चनपुर**–कोरोना भाइरसको संक्रमण रोकथाम गर्न देशमा लकडाउन गरिएपछि त्यसको प्रत्यक्ष असर मुक्त हलिया परिवारलाई परेको छ । सुदूरपश्चिम प्रदेशमा बसोबास गर्ने मुक्त हलिया परिवारलाई साँझ बिहानको छाक टार्न निकै मुस्किल भएको छ ।

दैनिक ज्याला मजदुरी गरी खाने परिवारलाई लकडाउनका कारण काम नपाइँदा समस्या भएको छ । मुक्त हलिया हरि दमाईले ज्याला मजदुरी गरेर ल्याएको रकमले खरिद गरिएको खाद्यान्न सकिएपछि छिमेकीसँग मागेर गुजारा चलाएको बताए । 'छिमेकीको घरमा समेत भण्डारण गरिएको अन्न सकिन थालेपछि उनीहरूले समेत दिन छाडेका छन् । खाद्यान्न नपाइने अवस्था आएकाले भोकै बस्नुपर्ने भएको छ' उनले भने ।

स्थानीय तह र विभिन्न दातृ निकायले राहत सामग्री बाँड्दै आए पनि मुक्त हलिया परिवारले राहत सामग्री पाउन सकेका छैनन् । 'कोरोना भाइरसको संक्रमण हुनबाट जोगिन घरबाट बाहिर ननिस्कन भनिएको छ' मानध्वज लुहारले भने, 'घरभित्र खानका लागि केही छैन, भोकै बस्न सकिँदैन । गाउँमा गएर मागेर ल्याउनुपरेको छ । गाउँमा समेत स्थानीय बासिन्दाले दिन नमान्दा भोकभोकै परिवारसँग बस्नुपर्ने भएको छ ।' राष्ट्रिय मुक्त हलिया महासंघका केन्द्रीय अध्यक्ष ईश्वर सुनार देश लकडाउन भएको १९ दिन बितिसक्दा मुक्त हलिया परिवार राहतको पर्खाइमा रहेको बताए ।

सरकारले राहत वितरणसम्बन्धी कार्यविधि निर्माण गरी निश्चित मापदण्डका आधारमा अतिविपन्न परिवारलाई स्थानीय तहमार्फत एकद्वार प्रणालीबाट राहत वितरणको कार्य भइरहेको छ । 'राहत पाउनेमा थोरै नगण्य मात्रामा मुक्त हलिया परिवार समेटिएका छन्' उनले भने, 'अधिकांश परिवार राहत पाउनबाट वञ्चित छन् । कठिन अवस्थामा लकडाउनको प्रत्यक्ष मारमा परेका मुक्त हलिया परिवारलाई प्राथमिकतामा राखी राहत वितरण गरिनु पर्दछ ।'

धेरै मुक्त हलिया परिवार भोकभोकै बसेको खबर र गुनासो आएकाले तत्काल राहतको व्यवस्था गरिनुपर्ने उनको भनाइ छ । मुक्त हलिया परिवारलाई तीनै तहका सरकार, राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थालगायत सरोकारवाला सबैलाई दैनिक उपभोग्य वस्तु र सरसफाइका सामग्री उपलब्ध गराइदिनसमेत उनले आग्रह गरे । लकडाउनको पालनासँगै राहतका लागि समन्वय गर्न जिल्लास्थित मुक्त हलिया संगठन, मुक्त हलिया अगुवाहरूलाई अध्यक्ष सुनारले आग्रह गरे । सुदूरपश्चिम क्षेत्रमा झण्डै १६ हजार बढी मुक्त हलिया परिवारको बसोबास छ ।

## अस्पताललाई अक्सिजन ग्यास सिलिण्डर

कञ्चनपुरको भीमदत्त नगरमा रहेको महाकाली अस्पताललाई कोरोना भाइरस संक्रमणलाई मध्यनजर गरी अक्सिजन ग्यास सिलिण्डर सहयोग गरिएको छ । लायन्स क्लब अफ कञ्चनपुरले अस्पताललाई २५ ग्यास सिलिण्डर सहयोग गरेको हो । लायन्स क्लबले केही दिनअघि नगरपालिकाको छलफल कार्यक्रममा कोरोना भाइरस संक्रमणलाई मध्यनजर गरी अस्पतालमा अक्सिजन अभाव हुन नदिन १०० थान सिलिण्डर सहयोग गर्ने प्रतिबद्धता गरेअनुरूप पहिलो चरणमा अस्पताललाई क्लबले २५ ग्यास सिलिण्डर सहयोग गरेको हो ।

अन्य ७५ सिलिण्डर केही दिनमै सहयोग गरिने क्लबका अध्यक्ष माधवप्रसाद जोशीले बताए ।

अस्पतालका अध्यक्ष कृष्णदत्त जोशीले क्लबको सहयोगपछि अस्पतालमा अक्सिजन ग्यासको अभाव नहुने बताए । 'कोरोना महामारीमा ग्यास अभाव हुने चिन्ता थियो । अब त्यस्तो हुँदैन । शनिबार २५ सिलिण्डर सहयोग गरिएको छ, अर्को दिन बाँकी सहयोग हुनेछ' अध्यक्ष जोशीले भने । नगरपालिकाले समेत केही महिनाअघि अस्पताललाई अक्सिजन खरिदका लागि आर्थिक सहयोग गरेको थियो ।

## डेरामा बसेका विद्यार्थीलाई खाद्यान्न

डेरा गरी बस्दै आएका विद्यार्थीलाई कञ्चनपुरको भीमदत्तनगरमा रहेको महेन्द्र माध्यमिक विद्यालयले खाद्यान्न वितरण गरेको छ । विद्यालयले राहत कोष स्थापना गरी डेरामा बस्दै आएका विद्यार्थीलाई खाद्यान्न वितरण गर्न शुरु गरेको हो । शनिबार नौ डेरामा बस्दै आएका विद्यार्थीलाई राहत सामग्रीका रूपमा खाद्यान्न वितरण गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्रराज विष्टले बताए । विद्यालय व्यवस्थापन समितिको निर्णयअनुरूप खाद्यान्न सामग्री वितरण गरिएको उनको भनाइ छ ।

अध्यक्ष विष्टले सरकारी राहतको मुख ताक्नुभन्दा पनि विद्यालयले आफ्नै कोषबाट राहत वितरण गरेको बताए । उनका अनुसार जनप्रतिनिधि एवं सरकारी निकायको रहोबरमा चामल, दाल, तेललगायतका खाद्यान्नका साथै सुरक्षा सामग्री वितरण गरिएको छ । रासस


**पचरौता नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बेनौली, पचरौता
**प्रदेश नं. २, नेपाल**

**आवश्यक सामग्री आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशन मिति : (२०७७/०१/०१ गते)

१) यस कार्यालयलाई आवश्यक पर्ने तपसिलमा उल्लेख उपकरण तथा सामग्री सप्लाई गर्न इच्छुक र इजाजत प्राप्तफर्म/कम्पनी/संस्थाले देहायबमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मितिदेखि ३०औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्यअभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७५/०७६ सम्मको कर चुक्ता गरेको वा म्याद थप गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसार को वोलपत्र (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछि नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथमपटक सूचना प्रकाशित भएको मितिदेखि ३१औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्रदर्ता गराउन सकिने छ ।

४) बोलपत्र फारमसाथ जमानत बापतको रकम यस कार्यालयको नाममा बेनौली स्थित एन.एम.बी. बैक लि. मा रहेको धरौटी खाता नं. ११४००८३१६४१०००४८ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यताप्राप्त बैाकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत बापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्तकार्यहरु बिदापछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघी आएका बोलपत्रउपर कुनै कारबाही गरिने छैन । बोलपत्रमा प्रत्येक आइटम दररेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

९) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) तथा अन्य प्रचलित ऐन नियमअनुसार हुनेछ ।

१०) बोलपत्र सम्बन्धी थप जानकारीका लागि यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम | कैफियत |
|---|---|---|---|---|
| SPB-SP/17/2076/77 | पचरौता न.पा.अन्तर्गत कृषि विद्युतीकरण | ३०००।- | १२५०००।- | |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# फजुल खर्च रोक

कोरोना भाइरस (कोभिड–१९) ले अन्ततः विश्व समुदायलाई नै गरिब बनाउने निश्चित भएको छ । कोभिड–१९ नियन्त्रणमा ल्याउन सकिएन र यसको असर अबको केही दिन रहने हो भने अब विश्वको अर्थतन्त्र ऋणात्मकमा जाने निश्चित देखिएको छ । यस्तो अवस्थामा अधिकांशले रोजगारी गुमाउने देखिएको छ । त्यसैले अब सरकारले अहिले नै सुशासनका लागि पाइला चाल्नुपर्छ । हुन त सरकारले यसअघि पनि सुशासनको ध्वाँस नपिटेको होइन, तर ती सबै भाषणहरू केवल सुन्नका लागि मात्र थियो । कतिपय भ्रष्टाचारमा मन्त्रीहरू नै प्रत्यक्ष रूपमा सामेल देखिएका थिए । अहिले पनि कतिपय भ्रष्टाचारमा मन्त्रीहरू नै सिधासिधा जोडिएका छन् । प्रधानमन्त्रीले भ्रष्टाचारको आरोप लागेकालाई क्लिन चिट लिन निर्देशन दिनुपर्ने बेला उनैले राष्ट्रका नाममा सम्बोधन गर्ने निहुँमा अनियमिततामा जोडिएकाहरूलाई आफैँ क्लिन चिट दिने काम गरेका छन् ।

प्रधामन्त्रीले भ्रष्टाचारको गन्ध थाहा पाउनेबित्तिकै एक्सन लिनुपर्ने बेला स्वयं प्रधानमन्त्रीले नै चोखाइदिने परम्परा मुलुकका लागि सबैभन्दा बढी खतरनाक देखिएको छ । अहिले सरकारले मन्त्री बचाउन अभियान नै चलाएको देखिन्छ । सरकारले लाज पचाएको देखिएको छ । जनताले छाक काटेर तिरेको करलाई अर्बौं रूपैयाँ कमिसन लिने अभियानमा मन्त्रीहरू लागिपरेका छन् । उनीहरूलाई कारबाही गर्नुको सट्टा प्रधानमन्त्रीले अझै संरक्षण गर्नु सबैभन्दा ठूलो दुर्भाग्य ठहर्छ । सुशासनको सुरुवात प्रधानमन्त्रीले गर्नुपर्ने हो तर अहिले प्रधानमन्त्रीबाट नै गलत काम गर्नेहरूलाई संरक्षण गरिरहँदा जनतामा राम्रो संकेत जाँदैन । मुलुक बिप्रेषणबाट सञ्चालित भइरहेको हो, कोभिड–१९ ले विप्रेषणको परिमाण ह्वात्तै घट्ने भएको छ । यस्तो अवस्थामा मुलुक सञ्चालनमा निक्कै कठिनाइ उत्पन्न हुने निश्चित छ । अब सरकारले फजुल खर्च रोक्नुपर्छ । कोरोना भाइरसले मुलुकको अर्थतन्त्रमा नकारात्मक असर परेको र त्यससँग जुध्न अनावश्यक खर्च कटौती नगर्ने हो भने राज्य नै टाट पल्टने अवस्था आउन सक्छ । कोरोनाले हरेक क्षेत्र प्रभावित भएको अवस्थामा अर्थतन्त्रलाई गतिशील बनाउन र प्रभावित क्षेत्रलाई पुनरुउत्थान गर्न धेरै रकम र त्यसका लागि सांसद् विकास कोषसहित अन्य फजुल खर्च कटौती गर्नुपर्छ ।

कोरोना कारण अद्योगतितर्फ अघि बढेको आर्थिक अवस्थालाई माथि उकास्नका लागि सरकारले तत्काल विस्तृत प्याकेज ल्याउनुपर्छ । राजस्व घटेको, रेमिट्यान्स घट्ने, वैदेशिक सहायता पनि आउन नसक्ने अवस्थामा सरकारले फजुल खर्चलाई नियन्त्रण नगर्ने र भ्रष्टाचारलाई मात्र बल पुग्ने काम सरकारबाट भयो भने यसले मुलुकलाई सोमालियाको अवस्थामा पुऱ्याउने देखिन्छ । अब राष्ट्र बैंकले रि–फाइनान्स बढाउनुपर्छ र ब्याजदर पनि कम गर्नुपर्छ । अहिले आम्दानी घटेको, उत्पादनमा ह्रास आएको, कुल गार्हस्थ उत्पादन घटेको अवस्थामा सरकारले सोही अनुसार राहतका प्याकेज ल्याउनुपर्छ । अन्यथा मुलुक जर्जर अवस्थामा पुग्ने देखिएको छ । सरकार इमानदारिपूर्वक अघि नबढ्ने हो भने मन्त्रीहरूले भ्रष्टाचारमा ध्यान दिनेछन् र राज्यलाई टाट पल्टाउने देखिएकाले सरकारले खर्चमा अत्यन्तै मिहिन तरिकाले विचार गर्नुपर्छ ।

# महामारी बेला एनजिओ–आइएनजिओका दुविधा



▸▸ माधव चौलागाईं

सरकारले कोरोना महामारी रोकथाम, उपचार र व्यवस्थापनका सबै उपायहरू खोज्दै एकपछि अर्को निर्णय लिइरहेको बेला जनताको जीवनस्तर उकास्ने भनी काम गर्ने एनजिओ तथा आइएनजिओहरू कता छन् भन्ने प्रश्न उठेको छ । देशमा जब कुनै संकट वा विपद परिस्थिति आउँछ, त्यस बेला गैरसरकारी क्षेत्रको भूमिका किन विवादित हुन्छ ? के गैरसरकारी क्षेत्र सहजताको मात्र साथी हो ? किन गैरसरकारी क्षेत्रका संघसंस्था सरकारको सम्पर्कमै छैनन् ? सरकारले आफ्नो क्षेत्रमा रहेका गैरसरकारी क्षेत्रलाई केमा कसरी परिचालन गर्ने ? यी कुराको छलफल हुनुपर्छ । सबभन्दा पहिले गैरसरकारी क्षेत्रबारे विद्यमान केही भ्रमको चर्चा गरौं ।

पहिलो, हामीकहाँ अनेकौं गैरसरकारी संस्था छन् । संस्था दर्ता ऐन, ०३४ अनुसार संस्था भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापित संघसंस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र तथा मैत्री संघसमेतलाई जनाउँछ ।

सम्भवतः धेरै बालिग नेपाली कुनै न कुनै गैरसरकारी संस्था अर्थात 'एनजिओ' को सदस्य छन् । संगठित हुन पाउने संविधानप्रदत्त नागरिक अधिकार प्रयोग गरी हजारौं संस्था खुलेका छन् र भविष्यमा पनि खुल्दै जानेछन् ।

दोस्रो, नेपालमा गैरसरकारी संघसंस्थाबारे समाचारमा हाल ५१ हजार बढी एनजिओ र साढे दुई सय आइएनजिओ कार्यरत छन् भनिन्छ । यो सत्य होइन । समाज कल्याण परिषद्, ऐन, ०४९ लागू भएयता उसले प्रचलित कानुनबमोजिम दर्ता भएका सबै संस्थालाई आवद्धता दिने गर्छ । ती सबै हचुवामा गनिएका छन् । सबै सक्रिय छैनन् । किन अद्यावधिक हुन्न ?

तेस्रो, सबै गैरसरकारी संस्था उस्तै होइनन् । धेरैजसो सामाजिक तथा विकास क्षेत्रमा काम गर्ने संस्थाले गाली खाइरहेका हुन्छन् । संस्थाको आफ्नो कार्यविशिष्टता र कार्यक्षेत्र हुन्छ । समुदाय परिचालन, सीप विकास, सशक्तीकरण, प्राविधिक सहायताजस्ता क्षेत्रमा काम गरिरहेका छन् । त्यैसैका आधारमा गुण र दोष हेरिनुपर्छ । चेतनामूलक कार्य जस्तै बहस, पैरवी, नागरिक शिक्षा दिन स्थापित गैरसरकारी संस्थाबाट सेवामूलक वा राहत बाँड्ने कामको अपेक्षा गर्न सकिन्न । सबैलाई एकै डालोमा हालेर गाली गर्ने प्रवृति गलत हो ।

चौंथो, गैरसरकारी संस्थालाई जनताको नाउँमा आउने रकमबाट बाँच्ने अर्थात् परजीवि ठानिन्छ । यो मिथ्या र पूर्वाग्राही आरोप हो । गलत मनसाय राखी फाइदा लिनेलाई कारबाही हुनुपर्छ । कुनै पनि स्थापित दातासँग सम्झौता गरी काम गर्ने संस्थाको आन्तरिक तथा बाह्य लेखापरीक्षण हुन्छ । यी संस्थाले निश्चित आचारसंहिता पालना गरेका हुन्छन् । कार्यक्रम सञ्चालन, व्यवस्थापन र जनशक्ति खर्च त जहाँ पनि हुन्छ । बरू गैरसरकारी क्षेत्रले देशमा उल्लेख्य रोजगारी सिर्जना र करको योगदान गरेको छ ।

पाँचौं, गैरसरकारी संस्थाको योगदानभन्दा विकृतिमाथि बढी चर्चा हुन्छ । सामाजिक परिवर्तन, अधिकारको प्रत्याभूति, सीप तथा प्रविधि प्रयोग, जनचेतना अभिवृद्धि, सुशासन प्रवर्द्धनजस्ता अदृष्य तर दीर्घकालीन महत्त्वका कुराले कमै चर्चा पाउँछ । विगतका विपदमा यस्ता संस्थाले धेरै योगदान गरेका थिए । रोचक त के हुन्छ भने, कतिपयले अपजस दिनुपर्दा मात्र गैरसरकारी संस्थालाई सम्झिन्छन् ।

सायद गैरसरकारी क्षेत्रलाई आरोप लगाउन सजिलो छ, किनकि यो क्षेत्र राजनीति र अन्य महत्त्वाकांक्षाले निकै विभाजित छ । राजनीतिक तथा प्रशासनिक पहुँचको आडमा स्थापित संस्थाको सुशासन र पारदर्शितामा पटकपटक प्रश्न उठिरहने भएकोले इमानदार छवि भएका संस्था पनि मारमा परेका छन् । त्यसैले सरकार, मिडिया र अन्य क्षेत्रको बहस र चर्चामा गैरसरकारी क्षेत्रलाई हेर्ने सम्यक दृष्टि खाँचो छ । अब यो कोरोना रोकथामका बेला गैरसरकारी संस्था किन सम्पर्कबाहिर छन् भन्ने चर्चा गरौं ।

यति बेला गैरसरकारी क्षेत्रको उपस्थिति नदेखिनु मुख्यगरी सरकारी निर्णय तथा समन्वयको ढिलाइको कारणले हो । त्यस्तो विपद प्रतिकार्य तयारी प्रणालीमा काम गर्ने संस्थाको अनुभव र तयारी युद्ध, बाढीपहिरो तथा भूइँचालोजस्ता विपदका लागि बनेको छ । स्वास्थ्य महामारीबारे अनुभव र तयारी नै छैन । त्यसबाहेक कतिपय गैरसरकारी संस्थाले आफ्नो वार्षिक कार्ययोजना र तालिकाबाहेकको क्षेत्रमा काम गर्न अधिकार वा स्वीकृति लिनुपर्ने हुन्छ । त्यसनिम्ति पनि पर्याप्त तयारी र समय अभाव छ । त्यैसैले अधिकांश अझै 'पर्ख र हेर' को अवस्थामा छन् ।

लकडाउनले के कसरी प्रभावित हुन्छौं भन्ने कसैलाई पूर्वानुमान थिएन । सरकारले एकाएक लकडाउन घोषणा गरेर अत्यावश्यक सेवामा खटिनेबाहेक सबैलाई घरै बस्न भन्यो । हामीकहाँ लगभग कुनै पनि गैरसरकारी संस्थाले अत्यावश्यक सेवामा काम गर्दैनन् । त्यसैले उनीहरूले आफ्ना कर्मचारीलाई घरै बसेर सरकारलाई सहयोग गर्न भने । एक सातापछिको परिस्थिति हेरेर अनुकूल निर्णय गर्ने योजना बनाए । जसरी बिनातयारी लकडाउन सुरू गरेको सरकारले विकसित अवस्था हेर्दै आफ्ना संयन्त्रलाई विस्तार र सक्रिय बनाउँदै, मिलाउँदै लग्यो, गैरसरकारी क्षेत्रले केही गर्न सक्ने अवस्था भएन । सरकारले अर्को एक साता लकडाउन नियमित गरेपछि झन् सबै योजना पर सर्ने नै भए । यसबीच स्वास्थ्य क्षेत्रका संस्थाहरू भएको 'हेल्थ क्लस्टर'ले भने केही तयारी र काम पनि गरेका छन् । दोस्रो, सरकारी संयन्त्र र गैरसरकारी क्षेत्रबीच समन्वयमा कमी भयो । कोरोना महामारी फैलिँदै गर्दा लामो समय सरकारका आधिकारिक संयन्त्रबीच नै आपसी समन्वय अभाव खड्कियो । सम्पूर्ण कोरोना प्रतिकार्यका लागि केन्द्रीय कमाण्ड सक्रिय भएर आवश्यक निर्देशन नआउन्जेल प्रदेश तथा स्थानीय तहमा कुनै सक्रियता थिएन । सरकार आफैंले प्रतिकार्यको तयारी राम्ररी गर्न सकेन । लकडाउनअघि सबै गैरसरकारी संस्था आ–आफ्नै कार्यक्षेत्रमा थिए । त्यति बेला उनीहरूसँग सम्भावित स्रोत तथा जनशक्ति मापन र परिचालनका लागि ठोस समन्वय गरिएन । लकडाउनको दोस्रो सातामा बल्ल सरकारले गरैसरकारी क्षेत्रलाई आफ्नो कार्यक्रमका कम्तिमा २० प्रतिशतजति तत्काल कोरोना प्रतिकार्यमा लगाउन निर्देशन दिने निर्णय गरेको समाचार छ । सबैलाई समेट्ने, जानकारी गराउने, समन्वय बढाउने र सहजीकरण गर्ने काम सरकारको हो ।

तेस्रो, केही संघसंस्थाले आफ्नै पहलमा कतैकतै सहयोग गरिरहेका छन् । विशेषगरी स्थानीय संस्थाले स्वयंसेवा गर्दै जनचेतनाका काम गरेका छन् । कतै आइआर थर्मोगन, मास्क, पन्जालगायत सुरक्षा सामग्री सिधै सहयोग गरेका पनि समाचार छन् । थोरै समन्वयमा र सीमित उपलब्धताबीच यस्ता सहयोग भएका छन् । तर, यसक्रममा केही सिकाइ भएका छन् । सरकारका सबै तहले पाएसम्म यस्ता चीज आफैं किन्न तत्काल पैसा कमी छैन । तर बजारमा सामान छैन । सरकारले किन्ने पनि त्यही पसल, अरूले किन्ने पनि उही पसल भएको छ । यसले झन् नराम्रो प्रतिस्पर्धा, कृत्रिम अभाव र चलखेल बढेको छ । पहुँच हुने स्थानीय तहले धेरै थुपार्ने, जसले पनि लगाएर फोटो सार्वजनिक गर्ने तर चाहिने ठाउँका स्वास्थ्यकर्मीले समेत नपाउने अवस्था छ ।

स्वास्थ्य उपकरण तथा सामग्रीको आवश्यकताबारे प्रोटोकल र निर्देशिका स्पष्ट नहुँदा स्थानीय तहमा अस्वभाविक माग बढेको छ । प्रदेश तहका अस्पतालको तयारी उत्तिकै चुनौतीपूर्ण छ । आइसोलेसन बेडहरू त जेनतेन छुट्टयाइएका छन् । तर आइसियू र भेन्टिलेटर कति चाहिने भन्ने यकीन छैन । स्वाब संकलन, टेस्टकिट, ल्याब तयारी, औषधि, एम्बुलेन्सलगायत सामग्री जोहो उत्तिकै जरूरी छ । यस अर्थमा आवश्यकता असीमित छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले अरु विपद बेला जस्तो आफ्नो संयन्त्र र समन्वय प्रयोग गरी देश-विदेशबाट स्रोत-सामग्री जुटाउन सक्ने अवस्था अहिले छैन । यति बेला उनीहरू सबैका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यालय पनि बन्द छन् । संसारभरका धेरैजसो कर्मचारी घरबाटै काम गरिरहेका वा बिदामा छन् । सबै अन्तर्राष्ट्रिय दातृसंस्था आफ्नै देशको कोरोना महामारीसँग जुधिरहेका छन् । हवाइ तथा स्थल आवागमनका सबै बाटा बन्द भएको परिस्थितिमा उपकरण र सामग्री आयातका लागि कतिपय संस्थाले गर्न सक्ने योगदानका सम्भावना स्वभावैले संकुचित छन् ।

अब के गर्ने त ?

यदि सरकारको उच्चस्तरीय समितिले सबै गैरसरकारी संस्थालाई यो वर्षको बाँकी कार्यक्रमबाट कम्तिमा २० प्रतिशत बराबर रकम कोरोना प्रतिकार्यमा लगाउन आह्वान गर्ने हो भने यी कुरा गर्नुपर्छः पहिलो, स्वास्थ्य मात्र होइन, सबै क्षेत्रका गैरसरकारी संस्थालाई समन्वय गर्ने इकाई तोकिनुपर्छ । यसका लागि स्वास्थ्य मन्त्रालयअन्तर्गतका प्रादेशिक तथा स्थानीय समन्वय शाखा, बहुक्षेत्रीय समन्वय शाखा र विकास सहायता समन्वय शाखालाई परिचालन गर्न सकिन्छ । सरकारले अन्य मन्त्रालय र समाजकल्याण परिषद्सँग समन्वय गरी विविध क्षेत्रमा कार्यरत संस्थाबारे थाहा पाउनुपर्छ । आ(आफ्ना विषयगत क्षेत्रमा काम गर्ने संस्थाबारे सरकारलाई थाहा हुनुपर्छ ।

दोस्रो, यहाँका सबै दुईपक्षीय तथा बहुपक्षीय दातृनिकायसँग बैठक गरी यसमा सहमत गराउनु पर्छ । किनकि यहाँ काम गर्ने अधिकांश गैरसरकारी संस्था कुनै न कुनै दातृनिकायसँग सम्झौता गरी कार्यक्रम गरिरहेका छन् । सम्झौता संशोधन सहमति र स्विकृतिबिना कसैले पनि काम गर्न सक्दैन । तेस्रो, सरकारले गैरसरकारी क्षेत्रले कोरोनामा काम गर्न सक्ने रणनीतिक कार्यक्षेत्र तोकिदिने ।

ती क्षेत्र यस्ता हुन सक्छन्-

१) समन्वय, योजना तर्जुमा र अनुगमन, २) निगरानी, तीव्र जाँच टोली, केस जाँचपड्ताल, ३) संक्रमणजन्य फोहोर व्यवस्थापन, ४) आपूर्ति व्यवस्था, ५) समुदाय परिचालन तथा जोखिमबारे जनचेतना, ६) स्वास्थ्यकर्मीलगायत जनशक्ति परिचालन, ७) आर्थिक संकलन तथा परिचालन, ८) अनुसन्धान, ९) राहत तथा पुनर्स्थापना, प्राविधिक दक्षता तथा क्षमता अभिवृद्धि । यसका लागि आवश्यक निर्देशिका बनाउन सके झन् राम्रो । अहिले देशका सबै संयन्त्र कोरोनासँग लडिरहँदा स्वास्थ्यका अन्य संवेदनशील क्षेत्र ओझेलमा पर्न सक्छन् । यसबाट देशले हासिल गरेका कैयौं उपलब्धि गुम्न सक्छन् । यो विषम अवस्थामा मातृ, शिशु तथा बाल मृत्युदर बढ्न सक्छ । यसको नियमित अनुगमन आवश्यक छ ।

जस्तैः अत्यावश्यक प्रसुति सेवा सञ्चालन गर्ने त भनिएको छ, तर त्यसनिम्ति चाहिने दक्ष स्वास्थ्यकर्मी र औषधि तथा सामग्री उपलब्धता सुनिश्चित गर्ने प्रणालीको निगरानी हुनुपर्छ । यो वर्षको दोस्रो चरणको भिटामिन ए र जुकाको औषधि बाँड्ने अभियान प्रभावित भइसक्यो । नियमित खोप कार्यक्रम सुनिश्चित गर्नुपर्छ । बाल पोषण तथा परिवार नियोजनका साधनको वितरण प्रणाली प्रभावित हुनसक्ने जोखिमलाई रोक्नुपर्छ । यसका लागि स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली चलायमान राख्ने प्रयास आवश्यक छ । त्यसका लागि यी क्षेत्रमा परम्परागत रूपमा सहयोगी भूमिकामा रहेका गैरसरकारी संघसंस्थाले अहम् भूमिका खेल्छन् । अनपेक्षित आएको कोरोना महामार ीसँग एक्लै लड्ने अनुभव, सीप र क्षमता कसैसँग छैन । संसारभरका शक्तिशाली र स्रोतसाधन सम्पन्न ठानिने देशले समेत घुँडा टेकिरहेका छन् । त्यसैले नेपालले गैरसरकारी क्षेत्र लगायत सबैलाई होस्टेमा हैंसे गर्न प्रेरित तथा प्रोत्साहित गर्नुपर्छ । सेतोपाटी

कोभिड–१९ को सन्त्रास

# कसरी तनाव कम गर्ने ?



▸▸ सुमित्रा श्रेष्ठ

विश्वको झण्डै दुई सयभन्दा बढी देशमा फैलिएको कोरोना भाइरस (कोभिड -१९) (Coronavirus) को संक्रमण फैलिएको सूचनाहरू समाचारहरूमा प्रकाशित भइरहेको हामी सबैमा जानकारी छ । कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नफैलियोस् भन्नका लागि धेरै जसो राष्ट्रले देशमा लकडाउनको घोषणा गरेका छन् । हाल नेपाल पनि लकडाउन (Lockdown), सेल्फ क्वारेनटाइन (Self Quarantine), (Self Isolation), सामाजिक दूरी (Social Distance) र सेल्फ आइसोलेसन (Self Isolation) मा छ । यस समयमा धेरैजसो मानिसहरूमा विभिन्न किसिमको मनसँग सम्बन्धित समस्याहरू देखा पर्न सक्छ । जस्तैः डर, चिन्ता, बेचैन, एक्लोपन, निन्द्रा नलाग्ने, रिस धेरै उठ्ने, निरासपन हुने, कुनै पनि काम वा कुरामा ध्यान केन्द्रित नहुनु, आफैँलाई पो कोरोना लाग्ने हो की भनेर आफैँले आफैँलाई शंकाको भावनाले हेर्ने गर्छ । यस्तो अवस्थामा आफूमा भएको समस्यालाई समाधान वा कमी ल्याउनका लागि निम्न तरिकाले मनोसामाजिक उपचार तथा मनोसामाजिक सहयोग (Psychosocial Support) निम्न तरिकाबाट दिन सकिन्छः

- दैनिक रूपमा समय तालिका बनाउने, त्यो समय तालिका अनुसार काम गर्ने । जस्तैः अफिसमा काम गर्ने हो भने आफ्नो कामको समय तालिका बनाउने, परिवारको अन्य सदस्यहरूसँग फोनमा कुरा गर्ने समय तालिका साथै सामाजिक संजालहरू प्रयोग गर्नका लागि कतिबेला समय तालिका बनाउने भन्ने विषयमा समय तालिका बनाएमा धेरै सहज हुने गर्छ ।
- आफ्नो परिवार तथा साथीभाइमाझ सम्बन्धमा वा सम्पर्कमा बस्ने । आफ्नो समस्या आफूले विश्वास गर्ने परिवारको सदस्य वा आफ्नो मिल्ने साथीलाई भन्ने गर्नु पर्छ । यसो गर्नाले आफूमा धेरै हल्का महसुस हुन्छ ।
- कुनै पनि विषयमा लेख लेख्ने, दैनिकी, गीत, कविता लेख्ने, आफूलाई मन पर्ने किताब पर्ने साथै अरुलाई सुनाउने, टेलिभिजनमा मन पर्ने कार्यक्रम हेर्ने आदि गर्नाले पनि यस्ता समस्याहरूलाई कम गर्न सकिन्छ ।
- शरीरलाई हानी नहुने किसिमबाट योगा, ध्यान गर्ने, लामो लामो श्वास लिने र फाल्ने गर्नाले पनि समस्यालाई समाधान गर्न सकिन्छ । हालको लकडाउन, सेल्फ क्वारेनटाइन, सामाजिक दूरी कायम र सेल्फ आइसोलेसनको अवस्थामा आफ्नै घरको कोठा, कौशी, भऱ्याङ आदिमा हिँड्न सकिन्छ । जति सक्यो धेरै आफूलाई व्यस्त बनाउने । यसो गर्दा शारीरिक रूपमा फाइदा हुनुको साथै कुराहरू सोच्न कम हुन्छ ।
- पोषणयुक्त भोजनको साथै सादा खाना खाने गर्नुपर्छ, प्रशस्त मात्रामा झोल पर्दाथ पिउने गर्नु पर्छ । साथै दैनिक रूपमा वा लामो समयदेखि आफूले सेवन गर्दै आएको औषधिको सेवन गर्न नछाड्ने ।
- आफ्नो स्वःहेरचारलाई ध्यान दिनुपर्छ, तब मात्र हामीले अरुका लागि काम गर्न सकिन्छ । सोच जहिले पनि सकारात्मक बनाउनुपर्छ । विश्वमा नै फैलिएको कोरोना भाइरस (कोभिड-१९) बाट बच्नका लागि आफ्नो आत्माबल बढाउनु पर्छ ।
- आफ्नो परिवार तथा छोराछोरी, वृद्धा आमाबुबा छन् भने उनीहरूका लागि पनि समय दिनुस् । जसले गर्दा सजिलै आफ्नो कुरा वा समस्या राख्न सकोस् वा उसलाई सजिलो महशुस हुन दिनू । जसले गर्दा समस्या कम हुनका साथै आफू एक्लो छु भन्ने कुरा महसुस गर्न सकिँदैन ।
- यस्तो बेलामा कुनै पनि व्यक्तिले समाचार दिने क्रममा जहिले पनि सही र आधिकारिक स्रोतबाट प्रकाशित भएको कुरा वा सूचना मात्र दिने गर्नुपर्छ । जसले गर्दा मानिसहरूमा एक्कासि केही नहोस् ।
- यो समयमा विभिन्न किसिमको डर, त्रास बढिरहेको अवस्थामा विभिन्न किसिमको सामाजिक सञ्जालमार्फत आउने फरकफरक समाचारले झन् जनमासमा यस्तो किसिमको समस्या बढिरहेको पाइन्छ । त्यसकारणले जहिले पनि आधिकारिक सूचनाको साथै मान्यता प्राप्त कुनै पनि अस्पताल, संघ संस्था वा युनिर्भसिटीबाट आधिकारिक रूपमा प्रकाशित भएको समाचरलाई मात्र पढ्ने वा हेर्ने गर्नु पर्छ । कुनै पनि हल्लाको पछि नलागौं, आफू बुझौं र अरुलाई बुझाऔं ।

अन्तमा, कोरोना भाइरस (कोभिड-१९) बाट बच्न नेपाल सरकारले जारी गरेको लकडाउनलाई तपाई हामी सबैले नियमपूर्वक पालना गरी घरभित्रै बसी एकआपसमा दूरी कायम गरी आफू र अरुलाई सुरक्षित बनाउन देशलाई सहयोग गरौं ।

वरिष्ठ मनोसामाजिक अधिकृत
माइती नेपाल

पत्र–मञ्जुषा

# खेतीयोग्य जमिनलाई वर्गीकरण गर

**श्रीमान् सम्पादकज्यू,**

सरकारले समृद्धिलाई नारा बनाएको छ । तर, यसका लागि कुनै पूर्वाधार विकासमा भने सरकारले ध्यान दिएको छैन । नेपाल नै कृषि प्रधान देश भएकाले कृषिमा नै नेपालले जोड दिनुपर्ने देखिन्छ तर राज्यले यस्तो गरेको छैन । सरकारले भाषणमा चाहिँ समृद्धि ल्याउने भन्दै आएको सनिएको भए पनि व्यवहारमा भने समृद्धिको थालनी गरिएको छ । सरकारले मुलुक समृद्ध पार्न अब कृषिबाटै थालनी गर्नुपर्छ । त्यसका लागि अब सरकारले सबैभन्दा पहिले जमिनलाई वर्गीकरण गर्नु आवश्यक छ । त्यसपछि त्यहि अनुसारको सहयोग सरकारले वितरण गर्नुपर्छ । ऋण दिने हो भने ऋण पनि जमिनको वर्गीकरण नै उपलब्ध गराउने काम गर्नुपर्छ । जमिनलाई वर्गीकरण गर्न नसक्दा कृषकहरू पनि मारमा परेका छन् । जमिनको वर्गीकरण गरेर कृषकलाई पनि त्यहि किसिमको सहयोग दिने हो भने कृषकले पनि हौसला पाउने छन् ।

मुलुकलाई समृद्ध बनाउन तत्कालका लागि कृषिभन्दा अरु केही उपाय छैन । नेपाली कृषकको उत्पादनका लागि बजारको व्यवस्थापनमा मात्र सरकारले ध्यान दिने भए पनि मुलुक समृद्धि हुन समय लाग्ने छैन । अहिले कृषकको उत्पादनले बजार पाउन सकेको छैन । केही दिनअघि कञ्चनपुरका कृषकको गोलभैंडा प्रतिकेजी एक रूपैयाँमा पनि बिक्री नभएर कृषक चिन्तित भएको समाचार सरकारी सञ्चारमाध्यम राष्ट्रिय समाचार समितिले नै सम्प्रेषण गरेको थियो । यस्तो अवस्थामा सरकारले कृषकको उत्पादनलाई बजारसम्म पुऱ्याउने व्यवस्था गर्नुपर्छ । त्यहि गोलभैंडा काठमाडौंलगायत क्षेत्रमा पुऱ्याउने हो भने यसले बजार पाउँथ्यो । यसका लागि कृषकको वास्तविक समस्यामा गम्भीर भएर लाग्नुपर्ने हुन्छ । यस्तो बेला सरकारले खरिद गरेर ढुवानी गर्दै बजारमा पुऱ्याउने हो भने कृषकहरू कृषिमा आकर्षित हुन्छन् । सरकारले कृषकलाई दिएको सहुलियतहरू पनि हुने खाने र माथिल्ला तहका नागरिकले मात्र पाउँदै छन् ।

त्यसमाथि सबै किसिमका जमिनहरूमा उहि किसिमको सहुलियत दिँदा उक्त सरकारी सहुलियतको उपयोग हुन सकेको छैन । त्यसैले पनि सरकारले जमिनको उत्पादनको हिसाबले वर्गीकरण गर्नु आवश्यक देखिन्छ । अब राज्यले खेतीयोग्य, व्यावसायिक र आवास गरी तीन भागमा जग्गाको वर्गीकरण गरी लालपूर्जा वितरण पनि गर्नुपर्छ । सरकारले निर्दिष्ट गरेको खेतीयोग्य जमिन खण्डीकरण हुन नदिन र बाँझो राख्न नपाइने कानुनसमेत बनाइनुपर्छ । भूमिको यथोचित व्यवस्थापन र उपयोगका बारेमा भूमिअधिकार ऐन, ०२१ को संशोधन र अन्य केही ऐन खारेज गरी नयाँ ऐन बनाएरै भए पनि जमिनको वर्गीकरण गर्नु आवश्यक छ ।

लोकबहादुर खड्का,
रामेछाप ।

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । -सं.



**सामाजिक दूरी कायम गराउँदै प्रहरी** | कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका- १० स्थित कञ्चन डेभलपमेन्ट बैंकमा बिशु पर्वका लागि रकम झिक्ने बढेपछि सामाजिक दूरी कायम गराउँदै प्रहरी । तस्बिर : राजेन्द्रप्रसाद पनेरु

# गुणस्तरहीन दाल र चामलमा रोक्का तथा शिलबन्दी

■ **प्रभाव संवाददाता**

**बारा**–विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड(१९) को महामारी नियन्त्रणका लागि नेपाल सरकारले लागू गरेको लकडाउनको समयमा राहत वितरणको क्रममा फेला परेका गुणस्तरहीन दाल र चामल रोक्का तथा शिलबन्दी गरिएको छ ।

बारा कलैया उपमहानगरपालिका-२० बसतपुरमा शुक्रबार राहत वितरण गर्न लागिएको दालको केही भागमा किरा लागेको तथा सडेको देखिएको भन्ने सूचनाको अधारमा तत्काल निरीक्षण तथा अनुगमन गर्दा पुरानो, किरा लागेको र खानयोग्य नदेखिएको हुँदा राहत बितरण गर्न भनी राखिएको २५ केजी दरका २५ बोरा रहरको दाल तत्कालै नियन्त्रणमा लिइएको हो । उक्त दाल परीक्षणका लागि नमूना लिई प्रहरी चौकी बसतपुरको नियन्त्रणमा राख्न पठाइएको छ ।

यसैगरी जिल्ला प्रशासन कार्यालय बाराको पत्रादेशले उक्त दाल खरिद गरिएको



स्थान कलैया उपमहानगरपालिका-७ स्थित यादव कोल्ड स्टोरमा जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि सहितको प्रहरी टोली गई अनुगमन तथा तलासी गर्दा सोही ब्राण्डको २५ केजी दरका ३ सय ८० बोरा रहरको दाल शनिबार फेला परेकोले परीक्षणको लागि नमूना समेत लिई शिलबन्दी गरी राखिएको हो ।

साथै कलैया उपमहानगरपालिका-२२ बाट करिब ६ सय १५ जनालाई वितरण भएको राहत खाद्य सामग्रीमध्ये करिब ५० परिवारलाई वितरण गरिएको चामलको नमूना पुरानो एवं गन्ध आउने खालको पाइएकोले उक्त राहत वितरण भएकोबाट परीक्षणको लागि नमूना लिइएको छ ।

उक्त चामल बिक्री गर्ने जितपुर सिमरा उपमहानगरपालिका-१७ जैतापुरस्थित प्रदिप राईस मिलमा जिल्ला प्रशासन कार्यालय बाराका प्रतिनिधि सहितको प्रहरी टोलीले अनुगमन तथा तलासी गर्दा सोही ब्राण्डको ३० केजीको दरले ३२ बोरा फेला पारी नमूना समेत लिई रोक्का तथा शिलबन्दी गरी राखिएको छ ।

उल्लेखित विभिन्न ठाउँबाट लिइएका दाल तथा चामलका नमूनाहरू परीक्षणको लागि पठाइएको तथा प्राप्त परीक्षण प्रतिवेदनका आधारमा खाद्य ऐन, २०२३ लगायतका प्रचलित कानून बमोजिम कारवाही प्रक्रिया अगाडि बढाइने जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# गोर्खाली कोरोना भाइरसबाट संक्रमित हुनुहुँदैन : सांसद अधिकारी

■ **प्रभाव संवाददाता**

**गोरखा**–गोरखा निर्वाचन क्षेत्र नं. १ का सांसद हरिराज अधिकारीले गोरखाका कुनैपनि नागरिक कोरोना भाइरसबाट संक्रमित हुन नहुने बताएका छन् ।

आइतबार सांसद अधिकारीले गोरखा जिल्ला अस्पतालमा विरामीको उपचार प्रक्रियाका बारेमा जानकारी लिएपछि डाक्टरहरू समक्ष यस्तो अभिव्यक्ति दिएका हुन् । गोरखा अस्पतालले सिङ्गो जिल्लाको नेतृत्व गरेर अघि बढ्नुपर्ने उनको भनाई थियो । केन्द्र, प्रदेश र स्थानीय तहका सरकार मिलेर अस्पतालको विकास गर्नुको विकल्प नभएको उनले बताए । भर्खरै केन्द्रबाट आएको एक करोडको काम छिटो गर्न सुझाव दिँदै आवश्यक परे थप बजेट निकासा गर्न आफूले प्रस्ताव गर्ने उनले बताए ।

यसैवीच सांसद अधिकारीले प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखसँग भेट गरी लकडाउनलाई व्यवस्थित गरी रोग भित्रन नदिन सबै संयन्त्र परिचालन गर्न सुझाव दिएका छन् । यतिबेला जीवन मुख्य कुरा हो नागरिकहरूको जीवन बचाउन कडाइका साथ लाग्नुपर्ने उनले बताए ।



प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडलले गाउँका नागरिकहरूले गाउँमा नयाँ मानिस आउने वित्तिकै सुरक्षा प्रशासनलाई खबर गरी सहयोग गरेको, गाउँमा नयाँ मान्छे भित्रिन नदिन थुनछेक समेत गरेर सहयोग पुर्याएको बताएका थिए । सामूहिक क्वारेन्टाइनमा बसेका मानिसहरूको स्वाव लिएर काठमाण्डौ पठाइएको पौडेलले बताएका छन् । थर्मलगन थर्मोमिटर प्राप्त गर्न समस्या भएको उनको भनाई थियो । साँसद अधिकारीले घरपरिवार मिलेर गर्ने खेतीपातीका लागि प्रोत्साहन गर्न समेत सुझाव दिएका थिए ।

अधिकारीले गोरखा अस्पतालमा दुई हजार थान मास्क, १७ लिटर सेनिटाइजर र ७०० थान ग्लोव समेत प्रदान गरेका थिए ।

# राहत पर्खंदै गन्धर्व बस्ती

**तनहुँ**–अठार दिनयताको लकडाउनका कारण भानु नगरपालिका-१ को गन्धर्व बस्तीमा खाद्य वस्तु अभाव भए पनि अझै राहत पुग्न सकेको छैन । आर्थिक अवस्था कमजोर भएका सो समुदायका २५ घरपरिवार राहतको पर्खाइमा छन् । दिनभरि कमाएर बिहानबेलुकाको छाक टार्ने यहाँका अधिकांश गन्धर्व परिवारमा धेरै दिनका लागि खाद्य सामग्री राख्ने क्षमता हुँदैन ।

स्थानीयवासी सीता गन्धर्वले आफ्ना घरमा चुल्हो बल्न नसकेकाले रोगले भन्दा भोकले मरिने पो हो कि भनी आशंका गरे । सारङ्गी रेटी गीत गाउँदै गाउँ, शहर र यात्रुबसमा डुलेर कमाएर खाने परिवार भएकाले खाद्यवस्तु जुटाउन समस्या परेको उनले बताए । स्थानीयवासी शर्मिला गान्धारीले गन्धर्व बस्तीका सबै सुकुम्बासी रहेको बताउँदै भने, 'ठाउँठाउँमा राहत बाँडेको खबर सुनिएको छ तर गन्धर्व बस्तीमा अझै आइपुगेको छैन ।'

दश वर्षका उमेरदेखि गीत गाएर परिवार पाल्दै आएका ५२ वर्षीय बुद्ध गन्धर्वका अनुसार उनको समुदायमा एकजना पनि सरकारी सेवामा रहेको व्यक्ति छैन । उनले केही व्यक्ति रेष्टुरेण्टमा गीत गाउने र सारङ्गी बजाउने पेशा गर्ने गरेको तर लकडाउनका कारण हाल उनीहरूको पनि रोजीरोटी र कमाइको बाटो रोकिएको बताए । 'सबैको जीवनयापन गर्ने साधन भनेको यही सारङ्गी नै हो', उनले भने, 'केही परिवारले विभिन्न ठाउँमा गएर सारङ्गी बिक्री गरी त्यसैको आर्जनबाट जीवन गुजार्दै आएका छन् ।' रासस

## संक्षिप्त

### भरूवा बन्दुकसहित पक्राउ

**धनुषा(प्रस)**-मिथिला नगरपालिका-४ पुष्पलपुर खोलाबाट भरुवा बन्दुक १ थान सहित २ जनालाई आइतबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २६ वर्षीय सरोज कुमार महतो र ४४ वर्षीय राजकुमार लामा रहेका छन् ।

बिशेष सूचनाको अधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले ज.१२ प १११५ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई जाँच गर्ने क्रममा लोड भएको अवस्थामा उक्त बन्दुक सहित फेला पारी पक्राउ गरेको हो ।

### जुवातास खेलिरहेको अवस्थामा पक्राउ

**कास्की(प्रस)**–पोखरा उपमहानगरपालिका-११ पुरानधारा डेरा गरी बस्ने गोरखा आरुघाट गाउँपालिका-५ घर भएका ४९ वर्षीय खड्का बहादुर गुरुङले संचालन गरेको गोरखा एण्ड खाजा घरमा जुवातास खेलिरहेको अवस्थामा नगद २२ हजार ५ सय ४५ रूपैयाँ र ३ बुक तास सहित गुरुङ लगायत ६ जनालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

उक्त स्थानमा जुवातास खेलिरहेको भन्ने सूचना प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय रामबजारबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

### कुटपिट गरी हत्या गर्ने पक्राउ

**मकवानपुर(प्रस)**–कुटपिट गरी छिमेकीको हत्या गरेको अभियोगमा ईन्द्रसरोवर गाउँपालिका-४ थाखेल बस्ने ३२ वर्षीय प्रदिप डिम्दुङलाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ ।

लेनदेनको विषयलाई लिएर प्रदिप र ३५ वर्षीय भक्त बहादुर गोलेको समूहले कुटपिट गर्दा गम्भीर घाइते भएका सोही ठाँउ बस्ने ४० वर्षीय जितबहादुर पाख्रीनको ललितपुरस्थित स्टार अस्पतालमा उपचारको क्रममा मृत्यु भएपछि प्रदिपलाई प्रहरीले पक्राउ गरेको हो । कुटपिटमा संलग्न अन्य व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# रित्तियो दलितको भकारी

■ **हेमन्त केसी**

**जाजरकोट**–बारेकोट गाउँपालिका-२ की शान्ति नेपालीको मात्र होइन छिमेकीको घरमा पनि खाद्यान्न सकिन लाग्यो । पसलबाट सँधै उधारो ल्याउन असजिलो हुने भएपछि नेपालीलाई कसरी चुल्हो बाल्ने भन्ने चिन्ता परेको छ ।

नेपालीले भने, 'कमाइ गर्न भारत गएका छोराबुहारी आउन पाएन्, मेरो एकल महिला भत्ताबाट साहुको ऋण तिरैं । अहिले खानाको जोहो गर्न निकै समस्या छ ।'

शान्तिलाई जस्तै अयर्ना गाउँकी पवित्रा नेपालीको पीडा पनि उस्तै छ । उनले भने, 'ऋण काढेर श्रीमान कमाइ गर्न भारत जानुभयो, चैत महिनामा आउने भन्दै हुनुहुन्थ्यो तर गाडीको टिकट काटे पनि लकडाउनपछि आउन पाउनु भएन । यहाँ खर्च र खाद्यान्न सकिएको छ ।'

परिवार पाल्ने चिन्तामा परेकी पवित्राले थपे, 'मकै राखेको भकारी रित्तो भयो, चार छोराछोरीलाई कसरी साँझ बिहान खाना खुवाउनु ? मालिक छिटो कालापारबाट आएको भए केही हुने थियो ।'

अयर्ना गाउँकै तोल्मा नेपालीले लकडाउनअघि गाउँका विकास निर्माणका काम गर्दै ज्यालाबाट आएको कमाइले छोराछोरीलाई खाना दिने काम भएकामा अहिले समस्या भएको गुनासो गरे । उनले भने, 'कसरी खानाको व्यवस्थाप गर्ने र कमाइ गर्ने ? श्रीमान बितिसक्नुभयो । अहिले घर व्यवहार सबै मेरो जिम्मामा छ ।'

दैनिक मजदुरी गरेर छाक टार्ने र वर्षेनी भारत गएर कमाइ गरी ल्याएको पैसाले खाद्यान्न र लत्ता कपडा खरिद गर्ने यहाँका दलित समुदायको वाध्यता हो । नयाँ बाली नपाकेको र पुरानो बाली सकिएको वेला लकडाउन हुँदा जाजरकोटका गरिब परिवार समस्यमा परेका छन् । आफ्नो उत्पादनबाट यी परिवारलाई छ महिनामात्र खान पुग्छ ।

बारेकोट गाउँपालिकाले अझै गरिब परिवारको लागत संकलन गरिसकेको छैन । गाउँपालिकाका अध्यक्ष महेन्द्र शाहले झण्डै ४ सय घरधुरी गरिबीको रेखामुनी रहेको र लगक संकलन भइरहेको बताए । कुशे गाउँपालिकामा यस्तै समस्या छ । गाउँपालिकाले गरिब घरधुरी छान्दा १७० घर बनाएको थियो, अहिले गाउँपालिकामा १ हजार भन्दा बढी घरधुरीबाट खाद्यान्न मौखिक माग आएको छ, कसरी व्यवस्थापन गर्ने भन्ने समस्या परको सो गाउँपालिकाका अध्यक्ष हरिचन्द्र बस्नेतले बताए ।

भेरी नगरपालिकाले पनि राहत वितरणको काम सुरु गरेको छैन । छेडागाड नगरपालिकामा पनि राहत वितरणमा समस्या परेको छ । सबैलाई दिन बजेट नपुग्ने सो पालिकाका नगरप्रमुख लालबहादुर महतराले बताए । रासस


**पचरौता नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बेनौली, पचरौता
**प्रदेश नं. २, नेपाल**

**आवश्यक सामग्री आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशन मिति : (२०७७/०१/०१ गते)

१) यस कार्यालयलाई आवश्यक पर्ने तपसिलमा उल्लेख उपकरण तथा सामग्री सप्लाई गर्न इच्छुक र इजाजत प्राप्तफर्म/कम्पनी/संस्थाले देहायबमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।
२) यो सूचना प्रकाशित भएको मितिदेखि ३०औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्यअभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७५/०७६ सम्मको कर चुक्ता गरेको वा म्याद थप गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसार को वोलपत्र (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछि नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।
३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथमपटक सूचना प्रकाशित भएको मितिदेखि ३१औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्रदर्ता गराउन सकिने छ ।
४) बोलपत्र फारमसाथ जमानत बापतको रकम यस कार्यालयको नाममा बेनौली स्थित एन.एम.बी. बैक लि. मा रहेको धरौटी खाता नं. ११४००८३१६४१०००४८ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यताप्राप्त बैाकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत बापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।
५) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्तकार्यहरु बिदापछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघी आएका बोलपत्रउपर कुनै कारबाही गरिने छैन । बोलपत्रमा प्रत्येक आइटम दररेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
७) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।
८) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।
९) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) तथा अन्य प्रचलित ऐन नियमअनुसार हुनेछ ।
१०) बोलपत्र सम्बन्धी थप जानकारीका लागि यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम | कैफियत |
|---|---|---|---|---|
| PBSP/16/2076/77 | बृजेश राउतको घरदेखि नगेन्‍ यादवको घर हुँदै इनर्वा जाने बाटोमा सडक ढलान | ३०००।- | १२५०००।- | |

प्रभाव दैनिक
National Daily

रूपशाला

## सन्नीको सक्रियता

बलिउड अभिनेत्री सन्नी लियोनीले 'लकडाउन'लाई घरमै बसेर भरपूर्ण सदुपयोग गर्दै आएकी छन् । आफ्ना पनि डायनियल र तीन बच्चाहरूसँग समय बिताइरहेकी अभिनेत्री लियोनीले यतिबेला सामाजिक संजालमा सक्रिय रहेकी छन् । हालै मात्र उनले आफ्नो सामाजिक संजाल इन्स्टा एकाउन्टमा बोल्ड र हट तस्बिरहरु पोष्ट गरेकी छन् । ती तस्बिरहरुबाट लियोनीले प्रसंशकबाट चर्चा पाइरहेकी छन्





# निर्माता हार्बी कोरोनामुक्त




■ प्रभाव संवाददाता

**काठमाडौं–** हलिउड फिल्म निर्माता हार्वी वाइनस्टिन कोरोना भाइरसमुक्त भएका छन् । बलात्कार आरोपमा दोषी ठहर भएपछि जेल सजाय काटिरहेका वाइनस्टिन कोरोना भाइरस मुक्त भएको अन्तर्राष्ट्रिय मिडियाले जनाएको हो । केही साता अघि मात्र उनलाई कोरोना लागेको समाचार आएको थियो ।

उनीमा कुनै लक्षण देखानपरेको हार्वीका प्रवक्ताले स्थानीय मिडियालाई बताएका हुन् । उनलाई दुई साताअघि सुधार कार्यालयका एक अधिकारीले कोरोना भाइरस भएको पुष्टि गरेका थिए । 'उनको परीक्षण भएको १४ दिन भयो । उनको कुनै पनि लक्षण देखिएको छैन । त्यसैले कुनै समस्या पनि छैन', वाइनस्टिन प्रवक्ता जुडा एन्जलमेयरले रोयटर्सलाई भनेका छन् ।

६८ वर्षीय वाइस्टिनलाई उनका पुर्वसहायक निर्माता मिमी हेलेइलाई यौन दुर्व्यवहार गरेको र अभिनेत्री जेसिकालाई बलात्कार गरेको अभियोगमा ११ मार्चमा २३ वर्षको जेल सजाय सुनाइएको थियो । उनलाई न्यूयोर्क शहरको राइकर्स टापु जेलमा राखिएको छ । उनका एक वकिल इमरान अन्सारीका वाइनस्टिनको स्वास्थ्यबारे टिप्पणी गर्न अस्वीकार गरेपनि वाइनस्टिन जेलको मेडिकल इकाइमा रहेको जानकारी भने दिएका छन् । वेन्डे आउनुअगावै हार्वीको विभिन्न रोगको उपचार हुँदै आइरहेको थियो ।

# सुनिलको ए साइँली



**काठमाडौं(प्रस)–** देश 'लकडाउन' छ । विश्वव्यापी रूपमा कोरोना भाइरस संक्रमणले त्रासदी छ । तर, यस्तो बेलामा पनि गीतसंगीत बजारमा आइरहेका छन् । यस्तै, गायक गायक सुनिल गिरीको नयाँ गीत सार्वजनिक भएको छ । 'उकालीको वर पिपलमा भारी बिसाउने चौतारी, ए साइँली जीवन बिसा( उने छ कि छैन कोइ दौतरी' बोलको गीतलाई सुनिलले आफ्नै अफिसियल युट्युब च्यानलबाट सार्वजनिक गरेका हुन् ।

गायक सुनिल गिरीकै शब्द, संगीत तथा स्वर रहेको गीतको भिडियोमा पेमा शेर्पा सँगै उनी आफैँले अभिनय गरेका छन् । तनहुँ सेखाटार आसपासको प्राकृतिक सुन्दरता गीतमा देख्न सकिन्छ । भिडियोको दृश्यांकन अनिल कृष्ण मानन्धरले गरेका छन् भने दृश्य सम्पादन मनोज कार्कीले गरेका छन् ।

## शानको वेव सिरिज

# सिमलु



■ प्रभाव संवाददाता

**काठमाडौं–** म्युजिक भिडियो सम्पादन हुँदै निर्देशक बनेका शान थापाको निर्देशनमा अब वेव सिरिज बन्ने भएको छ । 'सिमलु' नामक सिरिज टौवा मुभिजको व्यानरमा निर्माण गर्न लागेको उनले बताएका छन् ।

लभ स्टोरी, थ्रिलर तथा सस्पेन्स जनरामा निर्माण हुने सिरिज शान आफैँले लेखेका हुन् । संजोग बस्याल कार्यकारी निर्माता रहेको यस वेव सिरिजमा विजय बस्याल एसोशियट निर्माताका रूपमा रहेका छन् । वेव सिरिजको सह-निर्माता मनोज जोशी हुन् ।

डिपी खनालको पटकथा रहने उक्त वेव सिरिजमा राजिव समर एसोशिएट निर्देशकको रूपमा रहेका छन् भने संवाद दीपक आचार्य 'काकु' र संजोग बस्यालले तयार गर्ने बताइएको छ ।

अर्जुन तिवारीले खिच्ने उक्त वेव सिरिजलाई सुप्रिम पराजुलीले सम्पादन गर्नेछन् भने विजय बस्यालले भिएफएक्स र एनिमेशनको जिम्मा पाएको जनाएको छ । वेव सिरिजका गीतहरूमा हरी लम्साल र सन्तोष सुनारको संगीत रहने छ । गीतमा प्रमोद खरेल, सुमन केसी, समिर आचार्य, मेलिना राई, प्रविशा अधिकारी, प्रताप दास, आशिष सचिन लगायतको स्वर रहने छ ।



कोरोना प्रभाव

# प्रत्येक खेलाडीलाई फिटनेस र खानपिनमा ध्यान दिन प्रशिक्षकको सुझाव

■ विक्रम गिरी

**काठमाडौं –** यतिबेला कोरोना भाइरसबाट जोगिन सरकारले लकडाउन गरेको छ । लकडाउनको आज २०औं दिन । यसबाट सबैभन्दा बढी प्रभावित हुनेमा खेलाडी र प्रशिक्षकसमेत हुन् । कुनै पनि खेलमा राम्रो नतिजा ल्याउन प्रशिक्षणमा नै बढी जोड दिनुपर्ने हुन्छ । प्रशिक्षकले खेलाडीलाई बढीभन्दा बढी अभ्यासमा संलग्न गराउनुपर्छ । यदि यस्तो हुन सकेन भने प्रशिक्षक र खेलाडी दुवैले खेलबाट सफलता प्राप्त गर्न सक्दैनन् ।

परिस्थिति पहिलाको जस्तो छैन । अहिले कोरोना भाइरसका कारण अरु नागरिकसरह प्रशिक्षक र खेलाडी पनि घरमै कैद छन् । यसको दीर्घकालीन असर पर्न सक्ने खतरातर्फ सचेत गर्दै हरेक खेलका प्रशिक्षकले आफ्ना खेलाडीलाई घरमै व्यायाम र खानपिनमा ध्यान दिन सचेत गराउँदै आएका छन् । 'मनलाग्दी ढङ्गले खाएपछि ठूलो असर गर्छ,' राष्ट्रिय भलिबलका प्रशिक्षक जगदीशप्रसाद भट्ट भन्छन्, ' प्रत्येक खेलाडीले व्यायाम र खानपिनमा ध्यान दिनैपर्छ, यसो गर्न नसके धेरै हानी व्यहोर्नुपर्ने हुन्छ ।'

लकडाउन शुरु हुन केही दिनअघि मात्र महेन्द्रनगर घर फर्किएका प्रशिक्षक भट्ट घरमै बसेर आफ्ना खेलाडीसित सम्पर्कमा रहेका छन् । उनले अधिकांश समय खेलाडीलाई सचेत गराउन सामाजिक सञ्जालको प्रयोग गर्दै आएका छन् । 'म देशभरका भलिबल खेलाडीलाई सधैं सचेत गराउँदै आएको छु', एशियन सेन्ट्रल जोन महिला भलिबलमा पहिलोपटक स्वर्ण पदक दिलाएका उनले भने, 'खेलाडीले घरभित्रै वा आँगनमा भए पनि व्यायाम गर्नैपर्छ ।' व्यायाम र खानपिनमा ध्यान नदिए खेलमा दीर्घकालीन असर पर्नेबारे उनीले खेलाडीलाई सचेत गराउँदै आएका छन् । दुई दशकदेखि उनी आफैँ पनि घरमा छोरीहरूका साथ नियमित व्यायाम र भलिबल खेल्दै आाएका छन् ।

कैलालीको टीकापुर घर भएका क्रिकेट प्रशिक्षक जगत टमाटा लकडाउनका कारण काठमाडौँमै थन्किए । छोरा र भान्जाका साथमा बस्दै आएका उनी पनि नियमितरूपमा खेलाडीको सम्पर्कमा रहेका छन् । यसका लागि उनले पनि सामाजिक सञ्जालको प्रयोग गरिरहेका छन् । 'सरकारले जारी गरेको लकडाउनको पालना गर्न खेलाडीलाई सचेत गराउँदै आएको छु, यो हाम्रै लागि हो', उनले भने, 'खेलाडीले व्यायाम गर्न भने छाड्नुहुन्न, टन्न खाएर सुते बर्बाद हुन्छ भनेर सम्झाउने गरेको छु ।' विगतमा आफैँले खेलेका खेल तथा विश्वका उत्कृष्ट क्रिकेट खेलाडीको खेल प्रदर्शन पाएसम्म युट्युबमा खोजीखोजी हेर्न प्रशिक्षक टमाटाले खेलाडीलाई सल्लाह दिँदै आएका छन् ।

फुटबल प्रशिक्षक रवीन्द्र श्रेष्ठ बाँकेको नेपालगञ्जमा घरमै व्यायाम गरिरहेका छन् । चाहे कोठामा होस् वा आँगनमा उहाँ व्यायाम गर्न भने छाड्नुहुन्न । 'जुनसुकै परिस्थितिमा पनि प्रशिक्षण र व्यायाम जारी राख्नुपर्छ,' उनले सुझाव दिए, ''ले आफ्ना खेलाडीलाई फोन गरेरै पनि सल्लाह दिँदै आएको छु, यसो नगरे पछि हामीलाई खेलमा फर्कन गाह्रो हुन्छ ।' श्रेष्ठले पनि अहिले सामाजिक सञ्जालको अत्यधिकरूपमा प्रयोग गर्ने गरेको बताए ।



कबड्डीका मुख्य प्रशिक्षक तारासिंह भाट यतिबेला कञ्चनपुरमा खेतीपातीमा व्यस्त छन् । उनलाई खेलाडीको फोन तारन्तार आइरहन्छ । 'गहुँ काट्दै थन्क्याउँदै पनि भ्याएसम्म खेलाडीलाई फोनमै सम्झाइबुझाइ गर्ने गरेको छु', उनले भने । उनश्र नियमितरूपमा व्यायाम गर्दछन् । खेलाडीलाई पनि पछि आउन सक्ने समस्याबारे सचेत गराउँदै आएका छन् । 'खेलाडी खाएर सुत्न हुन्न, घरकै काममा सघाएर पनि शरीर तन्दुरुस्त राख्नुपर्छ', मुख्य प्रशिक्षक भाटको खेलाडीलाई सुझाव छ ।

हाल झापाको विर्तामोडस्थित घरमा रहेका कराँतेका मुख्य प्रशिक्षक मदन उप्रेती बिहान बेलुका नियमितरूपमा अभ्यास गर्न गराउन आफू मातहतका प्रशिक्षक र खेलाडीलाई सल्लाह दिँदै आएका छन् । 'खानमा जोड दिने होइन, व्यायाममा ध्यान दिनुपर्छ,' उनले भने, 'दिनमा सकभर नसुत्न भनेको छु, युट्युबमा कराँतेका 'टेकनिक' हेर्न सल्लाह दिने गरेको छु ।'

दार्चुलामा कार्यरत कराँते प्रशिक्षक ओमकार गिरी लकडाउन खुलेपछि जिल्लास्तरीय र राष्ट्रपति रनिङ शिल्ड हुने भएकाले खेलाडीलाई तयार भएर बस्न सल्लाह दिइरहेको बताउँछन् । 'घरभित्रै अभ्यास गर्न फोनमा र सामाजिक सञ्जालमार्फत सुझाव दिइरहेको छु,' उनले भने । कराँते प्रशिक्षक विमल खडायत लकडाउनको बेला घरको छतमै भए पनि नियमित प्रशिक्षण गर्न खेलाडीलाई सल्लाह दिन्छन् । 'यति बेला फुर्सदिलो भएर ढुक्कसित बस्ने होइन,' उनले भने, 'जसरी भए पनि खेलाडीले व्यायाम गर्नैपर्छ ।' रासस

# अनिश्चितसम्मका लागि आइपिएल स्थगित




**मुम्बई –** इण्डियन प्रिमियर लिग (आईपीएल) टी–ट्वान्टी क्रिकेट अनिश्चित कालका लागि स्थगित हुने भएको छ ।

कोरोना भाईरसको कारण भारतले लकडाउनको अवधि बढाउने तयारी गरेसँगै भारतीय क्रिकेट बोर्ड (बीसीसीआई) ले आईपीएल अनिश्चित कालका लागि स्थगित गर्ने तयारी गरेको हो । यस संस्करणको आईपीएल बुधबारबाट सुरु हुने तालिका रहेको छ । तर, भारतको केहि प्रान्तमा लकडाउन बढीसकेको र सरकारले सबै प्रान्तमा बढाउने तयारी गरेपछि आईपीएल स्थगित हुने भएको हो ।

बीसीसीआई सरकारको निर्णय पर्खेर बसेको बताईएको छ । सरकारले लकडाउन थप गरेमा बीसीसीआईले आईपीएल अनिश्चित समयका लागि स्थगित गर्नेछ । कोरोनाको संक्रमण दैनिक बढेपछि भारतले लकडाउनको अवधि थप गर्ने तयारी गरेको हो । भारतमा ८ हजार बढीमा कोरोनाको संक्रमण देखिएको छ । एजेन्सी

# नेपाल भलिबल वरीयतामा यथावत्

**काठमाडौं –** भलिबलको विश्व वरियतामा नेपालको महिला भलिबल टिम यथावत रहन सफल भएको छ । अन्तर्राष्ट्रिय भलिबल महासंघ (एफआइभीबी) ले सार्वजनिक गरेको विश्व वरीयतामा नेपाल यथावत रहदै ८६ औं स्थानमा रहेको हो ।

नयाँ वरीयतामा नेपालको ५७ अंक रहेको छ । एफआइभीबीले अन्तर्राष्ट्रिय सहभागिता र सफलताका आधारमा विश्व वरीयता निर्धारण गर्दै आएको छ । नेपालको महिला टिम एसियाली राष्ट्रको वरियतामा भने १७ औं स्थानमा रहेको छ ।

# कोरानोनाबाट मृत्यु हुनेको संख्या सबैभन्दा धेरै अमेरिकामा

| क्र.सं. | देश | कूल संक्रमित | निको भएका | कूल मृत्यु |
|---|---|---|---|---|
| | **विश्वभर** | १७,८३,७२४ | ४,०४,८९३ | १,०८,९०७ |
| १. | संयुक्तराज्य अमेरिका | ५,३३,११५ | ३०,५०२ | २०,५८० |
| २. | इटाली | १,५२,२७२ | ३२,५३४ | १९,४६८ |
| ३. | स्पेन | १,६३,०२७ | ५९,१०९ | १६,६०६ |
| ४. | फ्रान्स | १,२९,६५४ | २६,३९१ | १३,८३२ |
| ५. | बेलायत | ७८,९९१ | ३४४ | ९,८७५ |
| ६. | इरान | ७०,०२९ | ४१,९४७ | ४,३५७ |
| ७. | बेल्जियम | २८,०१८ | ५,९८६ | ३,३४६ |
| ८. | चीन | ८२,०५२ | ७७,५७५ | ३,३३९ |
| ९. | जर्मनी | १,२५,४५२ | ५७,४०० | २,८७१ |
| १०. | नेदरल्यान्ड्स | २४,४१३ | २५० | २,६४३ |
| | **दक्षिण एसिया** | | | |
| १. | भारत | ८,५०४ | ९७२ | २८९ |
| २. | पाकिस्तान | ५,०३८ | १,०२६ | ८६ |
| ३. | बंगलादेश | ४८२ | ३६ | ३० |
| ४. | अफगानिस्तान | ६०७ | ३२ | १८ |
| ५. | श्रीलंका | १९९ | ५४ | ७ |
| ६. | माल्दिभ्स | २० | १३ | - |
| ७. | नेपाल | १२ | १ | - |
| ८. | भूटान | ५ | २ | - |

**सिकागो–** विश्वभरी महामारीका रूपमा फैलिएको कोरोना भाइरसबाट मृत्यु हुनेको सङ्ख्या सबैभन्दा धेरै अमेरिकामा भएको छ।

यसअघि सबैभन्दा धेरै नागरिक गुमाएको इटलीसमेतलाई उछिनेर महाशक्ति राष्ट्र अमेरिका कोरोना भाइरसबाट पीडित हुनेमा पनि सर्वाधिक अगाडि परेको छ।

शनिबार सार्वजनिक भएको तथ्याङ्कअनुसार अमेरिकामा २० हजारभन्दा बढीको मृत्यु भएको छ भने सबैभन्दा धेरै मानिसको मृत्यु हुने सहरमा न्युयोर्क परेको छ।

जोन्स हप्किन्स विश्वविद्यालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार अमेरिकामा २० हजार ५८० जनाको मृत्यु भएको छ। अमेरिकामा संक्रमितको सङ्ख्या पनि ठूलो छ। अहिलेसम्म संक्रमितको सङ्ख्या अमेरिकामा पाँच लाख ५३ हजार ११५ पुगेको छ। तीमध्ये झण्डै दुई लाख जना न्युयोर्कका रहेका छन् तर पछिल्लो समय भने न्युयोर्कमा सङ्क्रमितको सङ्ख्यामा कमी आएको बताइएको छ।

संक्रमित हुने र मृत्यु हुनेको सङ्ख्या बढ्दै गएपछि देशका धेरै राज्यहरूमा अहिले सङ्कटकालको घोषणा गरिएको छ। लकडाउन नलगाउने घोषणा गर्दै आएका राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक दूरी कायम गर्ने सुझाव हाललाई अप्रिल ३० सम्म तोक्नु भएको छ। ट्रम्पले अवस्था सामान्यीकरण गर्नका लागि एक साताभित्रै व्यापार र स्वास्थ्य सम्बन्धी सूची सहितको आफूले गर्नुपर्ने अहिलेसम्मकै ठूलो निर्णय लिने बताएको छ।


कोरोनाका कारण अहिलेसम्म अमेरिकापछि सबैभन्दा धेरै मृत्यु हुनेको सङ्ख्या इटलीमा रहेको छ। पछिल्लो विवरणअनुसार इटलीमा १९ हजार ४६८ जनाको मृत्यु भएको छ। संक्रमितको सङ्ख्यामा भने स्पेन दोस्रो अग्रस्थानमा रहेको छ।

इटलीमा संक्रमितको सङ्ख्या एक लाख ५२ हजार २७१ रहेको बेलामा स्पेनमा भने एक लाख ६३ हजार २७ रहेको छ। स्पेनमा मृत्यु हुनेको सङ्ख्या १६ हजार ६०६ रहेकाले कोरोनाका कारण मानवीय क्षती धेरे बेहोर्नेमा स्पेन तेस्रोमा रहेको छ।

यो समाचार तयार पार्दासम्म धेरै नागरिक संक्रमित भएका देशहरू मध्येमा फ्रान्स चौथोमा, जर्मनी पाँचौमा, चीन छैठौंमा, बेलायत सातौमा, इरान आठौमा, टर्की नवौंमा र बेल्जीयम दशौंमा रहेको छ। पछिल्लो विवरण अनुसार संक्रमितको सङ्ख्या फ्रान्समा एक लाख २९ हजार ६५४, जर्मनीमा एक लाख २५ हजार ४५२, चीनमा ८२ हजार ५२, बेलायतमा ७८ हजार ९९१, इरानमा ७० हजार २९, टर्कीमा ५२ हजार १६७ र बेल्जीयममा २८ हजार १८ रहेको छ।

त्यसैगरी मृत्यु हुनेको सङ्ख्या फ्रान्समा १३ हजार ८३२, जर्मनमा दुई हजार ८७१, चीनमा तीन हजार ३३९, बेलायतमा नौ हजार ८७५, इरानमा चार हजार ३५७, टर्कीमा एक हजार १०१ र बेल्जीयममा तीन हजार ३४६ रहेको विवरण सार्वजनिक भएको छ। (राासस/एपी/एएनआई)

# कोरोना महामारीबाट दक्षिण एसियाली अर्थतन्त्रमा ठूलो असरः विश्व बैंक



**नयाँदिल्ली–**दक्षिण एसियाली मुलुकहरूले गरिबी विरुद्धको संघर्षमा पछिल्ला दशकमा हासिल गरेका उपलब्धिलाई कोरोनाभाइरसको महामारीले जोखिममा पार्दै ४० वर्षयताकै सबैभन्दा कमजोर आर्थिक स्थिति उत्पन्न हुन लागेको विश्व बैंकले जनाएको छ।

झण्डै एक अर्ब ८० करोड जनसङ्ख्या बसोबास रहेका भारत, पाकिस्तान, बंगलादेश, अफगानिस्तान, नेपाल र अरु साना मुलुकहरूमा सापेक्षित रूपमा कोरोनाभाइरस संक्रमितको सङ्ख्या कमै देखिएको छ, तर विज्ञहरूको भनाईमा यो क्षेत्रमा सङ्क्रमणको खतरा उच्च बिन्दुमा रहेको छ।

कोरोनाभाइरसको गम्भीर आर्थिक प्रभावका प्रमाणहरू देखिन थालिसकेका छन्। बन्दाबन्दी (लकडाउन) का कारण आम जनजीवन निस्कृय भएको छ। पश्चिमा मुलुकबाट हुने सामानको मागमा व्यापक कमी आएको छ भने ठूलो सङ्ख्याका कामदारहरू बेरोजगार भएका छन्।

'दक्षिण एसियामा नकारात्मक असरको आँधी नै अनुभव गर्न थालिसकिएको छ। पर्यटन क्षेत्रमा सुख्खा लागेको छ, आपूर्ति प्रणालीमा अबरोध आएको छ, गार्मेन्टको माग हुन छाडेको छ र उपभोक्ता एवं लगानीकर्ताको उत्साहमा कमी देखिएको छ, विश्व बैंकको प्रतिवेदनमा भनिएको छ।

बैंकले यस वर्षको यस क्षेत्रको आर्थिक विकासको पूर्वानुमान घटाएर १.८-२.८ प्रतिशत बनाएको छ। कोरोना महामारीअघि विश्व बैंकले यस क्षेत्रको वृद्धिको पूर्वानुमान ६.३ प्रतिशतको प्रक्षेपण गरिएको थियो। यस क्षेत्रका कम्तिमा आधा देशहरू 'गहिरो आर्थिक मन्दी' मा फस्ने देखिएको छ।

सबैभन्दा खराब असर माल्दिभ्समा हुनेछ जहाँ पर्यटन क्षेत्रको नोक्सानीको परिणामस्वरूप सकल घरेलु उत्पादन १३ प्रतिशतले संकुचित हुनेछ, जबकि अफगानिस्तान ५.९ प्रतिशत र पाकिस्तानको २.२ प्रतिशतले संकुचित हुनेछ।

वित्तीय वर्ष अप्रिल १ बाट शुरु हुने दक्षिण एसियाली क्षेत्रकै सबैभन्दा ठूलो अर्थतन्त्र भएको भारतको चालू आर्थिक वर्षमा १.५ देखि २.८ प्रतिशत मात्र वृद्धि हुने अनुमान विश्व बैंकको छ। भारतमा भर्खरै समाप्त भएको आर्थिक वर्षमा ४.८ देखि ५.० प्रतिशतको आर्थिक वृद्धि भएको थियो।

**असमानता**

बैंकको प्रतिवेदनमा महामारीले यस क्षेत्रमा आर्थिक असमानतालाई बढावा दिने उल्लेख छ। छ। (रासस-एएफपी)


**कोल्हवी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
कोल्हवी, बारा
**प्रदेश नं. २**
**सौर्य सडक बत्ती जडान सम्वन्धि बोलपत्र आव्हानको सूचना**
प्रथमपटक सूचना प्रकाशित मितिः २०७७।०१।०१

यस कोल्हवी नगरपालिकाको १ देखी ११ वठामा आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. २, जनकपुरधाम, धनुषाबाट आ.व. २०७६।७७ मा प्राप्त सशर्त अनुदानबाट सौर्य सडक वत्ती जडान गर्न वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र खुमलटार, ललितपुरमा सूचीकृत कम्पनीहरुबाट सौर्य सडक बत्ती जडान गर्न निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको बोलपत्र आव्हान गरिएको छ।

शर्तहरुः-

१. यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन वा मिति २०७७।०१/१/३० गतेसम्म कार्यालय समयभित्र सम्वन्धित कारोबार गर्न इजाजत प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७५।०७६ कर चुक्ता प्रमाणपत्र संलग्न राखी यस कोल्हवी नगरपालिकाको कार्यालय, कोल्हवी, बाराबाट फिर्ता नहुने गरी नगदै बुझाई बोलपत्र फारम खरिद गर्न सकिनेछ।
२. बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजेसम्म यस कार्यालयमा बोलपत्र दर्ता गराउन सकिनेछ। रितपूर्वक निर्धारित समयभित्र प्राप्त हुन आएको बोलपत्र सोहि दिनको २:०० बजे बोलपत्रदाता स्वयम् निजको प्रतिनिधि र यस कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
३. बोलपत्र साथमा ठेक्काका लागि तपसिलमा उल्लेखित दरभाउपत्र जमानत बापतको रकम यस कार्यालयमा रहेको कृषि विकास बैक लि, शाखा कोल्हवीमा रहेको धरौटी खाता नं. ०५२६७०१३७४३८९०३६ जम्मा गरेको सक्कलै बैक भौचर वा कम्तिमा १२० दिन म्याद भएको मान्यता प्राप्त क वर्गको बाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको बैक ग्यारेन्टी दरभाउ पत्र साथ पेश गर्नु पर्नेछ।
४. बोलपत्र शर्तरहित केरमेट नभएको हुनुपर्नेछ, यदि केरमेट भएमा केरमेट भएको ठाउँमा बोलपत्रदाताको दस्तखत र छाप भएको हुनु पर्नेछ।
५. बोलपत्रमा दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ। बोलपत्र फारमको प्रत्येक पानामा सम्बन्धित ठेकेदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ।
६. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फारम अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन।
ठ. दररेट भर्दा मूल्य अभिवृद्धि करबाहेकको दररेट भर्नु पर्नेछ।
८. बोलपत्र दर्ता गर्दा बोलपत्र खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना, सम्पर्क नं., इमेल आदी स्पष्ट रुपमा खुलाउनु पर्नेछ।
९. बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजानिक बिदा पर्न गएमा विदालगत्तै क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोहि समय कायम हुने छ।
१०. यस सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियमअनुसार हुनेछ।
११. बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहनेछ।
१२. अन्य कुराहरु सार्वजानिक खरिद ऐन, २०६३, र सार्वजानिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ। अन्य कुराहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।
१३. थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। यो सूचना www.kolhabimun.gov.np मा समेत डाउनलोड गरी हेर्न सकिने छ।

**ठेक्का विवरण**

| सि.न | बोलपत्र ठेक्का नं. | योजनाको नाम | लागत रु (मु.अ.क.बाहेक) | बोलपत्र दस्तुर | बोलपत्र जमानत रकम रु |
|---|---|---|---|---|---|
| १ | २७/२०७६/०७७ | सडक सौर्य बत्ती जडान | ८४,३९०००।०० | ३०००।०० | २५३१७०।०० |

प्रमुख प्रशासकीय अधिकृत


# असान्जलाई दुई सन्तान

**लन्डन–**बेलायतकोराजधानीलन्डनस्थित इक्वेडरको राजदूतावासमा आश्रय लिएकै अवस्थामा विकिलिक्सका संस्थापक जुलियन असान्जका दुई बच्चा जन्मिएको आइतबार बेलायतको एक अखबारले जनाएको छ। अमेरिकी गोप्य सूचनाहरू जासुसी गरेको आरोपमा हाल लन्डनको जेलमा रहेका असान्जकी वकील स्टेला मोरिसबाट जन्मिएका ती बच्चाहरू अहिले दुई र एक वर्षका छन्।

बेलायतको अखबार मेलले आइतबार असान्जसँगै दुई बच्चाको फोटो सहित मोरिसको अन्तर्वार्ता प्रकाशन गरेको छ।

मोरिसले आफूहरूले चाँडै विवाह गर्ने योजना बनाएको बताएको छ। असान्ज अहिले बेलायतको बेल्मार्शस्थित उच्च सुरक्षा व्यवस्था सहितको जेलमा बन्दी छन्। जासुसी गरेको आरोपमा संयुक्तराज्य अमेरिकाले बेलायत समक्ष असान्जलाई सुपुर्दगी गर्न माग गरिरहेको छ। तर अदालती सुनुवाईको प्रक्रिया जारी रहेकाले सुपुर्दगीको विषय टुंगो लागिसकेको छैन।

असान्जकी वकिल मोरिसले असान्जको जीवन जोखिमपूर्ण अवस्थामा रहेको बताउँदै कोरोनाभाइरसका कारण बेल्मार्श जेल पनि सुरक्षित नरहेकाले तत्काल रिहा गर्न आग्रह गरेको छ।

बेलायत सरकारले कोरोनाभाइरसको सङ्क्रमणको खतरा रहेको बताउँदै केही बन्दीलाई अस्थायी रूपमा रिहा गर्ने योजना बनाइरहेको छ। तर असान्जलाई राखिएको बेल्मार्शमा उच्च सुरक्षा प्रबन्ध रहेको भन्दै बेलायत सरकारले असान्जलाई छाड्न गरिएको अनुरोधलाई अस्वीकार गरेको मोरिसले बताए।

अफगानिस्तान र इराकमा अमेरिकी सैनिक आक्रमणका गोप्य सूचना एवं विद्युतीय फाइलहरू सन् २०१० मा विकिलिक्सबाट सार्वजनिक गरिएपछि असान्जमाथि अमेरिकी प्रतिजासुसी ऐन बमोजिम मुद्दा चलाइएको छ। अमेरिकाले पक्राउ गर्ने र आफ्नो जीवन नै जोखिममा रहेको भन्दै उनले सन् २०१२ मा लन्डनस्थित इक्वेडरको राजदूतावासमा आश्रय लिएको थियो, तर गत वर्ष उनलाई लन्डन प्रहरीले पक्राउ गरेको थियो। (रासस-एएफपी)

# वैज्ञानिक परीक्षण गर्न भारतमा कार्यदल



**गोवा–** भारतमा कोरोनाभाइरस विरुद्धको आयुर्वेदिक उपचारलाई वैज्ञानिक रूपमा प्रमाणित गर्न कार्यदल गठन गरिएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले नै कार्यदल गठन गरेर आयुर्वेदिक उपचार पद्धतिबाट कोरोनाभाइरसको उपचार हुन्छ की हुँदैन परीक्षण गर्न र वैज्ञानिक रूपमा पुष्टि गर्न निर्देशन दिएको हो। आइसीएमआरजस्ता निकायहरूसँग समन्वय गरेर यसका बारेमा अध्ययन गर्न प्रधानमन्त्री मोदीले लगाएको आयुर्वेद र योगसम्बन्धी संघीय राज्यमन्त्री श्रीपद वाई नाइकले जानकारी दिएको छ। एएनआईसँगको कुराकानीका क्रममा राज्यमन्त्री नाइकले भन्नुभयो, कोरोनाभाइरसको आयुर्वेदिक तथा परम्परागत उपचारका बारेमा वैज्ञानिक रूपमा परीक्षण तथा पुष्टि गर्न प्रधानमन्त्री मोदीले नै एउटा कार्यदल बनाएर परिचालन गरेको छ। आयुर्वेदिक उपचार पद्धतिका बारेमा आफूहरूसँग झण्डै दुई हजार प्रस्तावहरू आएको र ती सबैको अध्ययन र परीक्षण गरिने जानकारी उनले दिए। (रासस/एएनआई)


## वर्गीकृत विज्ञापन संकलन काउण्टर

**पशुपति विज्ञापन सेवा** - सोह्रखटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । **स्मार्ट सर्भिस नेपाल प्रा.लि.**-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । **लोटस कम्युनिकेशन**- गोंगबुचोक, फोनं. ४३६४७१ । **ध्रुवको पसल** - डिल्लीबजार, फोन नं. : ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । **दन्तकाली स्टेशनरी** - नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६ । **सारीका स्टेशनरी पसल** - फोन नं. ९८५११२९६८६ । **ज्ञानज्योती पुस्तक पसल** - बागबजार, फोन नं. ४२४००६० । **विश्व स्वतन्त्र संचार** - सुन्धारा, फोन नं. ४२१९४१२ । **निशा बुक्स एण्ड स्टेशनरी** - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । **वीडलिंक मिडिया प्रा.लि.** - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । **हिमचुली स्टेशनरी** - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । **मलः स्टेशनरी** – गटठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal**-पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), **बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर** - कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२। **दाजुभाई स्टेशनरी** - पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, **ए.आर स्टेशनरी** च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, **हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन** जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं.** ९८५१०२४३९८ र ९८६०३४६२५७।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ७५,८००/- | प्रति तोला – ७५,५००/- | प्रति तोला – ७२०/- |

# देशभर भरी सिलिन्डर ग्यास बिक्री सुरु

■ प्रभाव संवाददाता



**काठमाडौं –** लकडाउनमा खाना पकाउने एलपिजी ग्यास आधा सिलिण्डर (७.१ किलो) को बिक्री वितरण हुँदै आएकामा आइतबारदेखि भरि ग्यास सिलिण्डरको बिक्री शुरु भएको छ। निगमका अनुसार सबै ग्यास उद्योगले बजारमा १४.२ किलोको भरि ग्यास सिलिण्डर बजारमा पठाइसकेका छन्।

काठमाडौं उपत्यकामा ३५ देखि ४० हजार ग्यास सिलिण्डर पठाइएको निगमका प्रवक्ता विनितमणि उपाध्याय बताउँछन्। उनका अनुसार विभिन्न नाकाबाट पर्याप्त मात्रामा ग्यासका बुलेट भित्रिरहेका कारण ग्यासको अभाव छैन।

नेपाल एलपी ग्यास उद्योग संघका अध्यक्ष गोकुल भण्डारी सबै उद्योगीले आआफ्ना डिलरमार्फत बजारमा भरि सिलिण्डर ग्यास पठाइसकेको बताउँछन्। उनका अनुसार सबै ग्यास उद्योगसँग पर्याप्त मात्रामा ग्यास मौज्दात रहेको र ग्याससमा कुनै समस्या छैन। 'सबै ग्यास उद्योगसँग दश हजार टन क्षमतामा ग्यास मौज्दात छ। उक्त ग्यासबाट सात लाख वटा ग्यास सिलिण्डर भर्न पुग्छ', उनले भने, 'आयात निरन्तर भएको छ, उपभोक्ताहरूले खाली सिलिण्डर घरमा राख्दा उद्योगलाई ग्यास भर्न समस्या भएको छ।' देशभरका ५९ ग्यास उद्योगमा करीब १० हजार मेक्ट्रिक टन क्षमता रहेकामा हाल सबैको भण्डारगृह भरिएकाले एक सय बुलेटमा ग्यास राखिँदै आएको उनले जानकारी दिए।

नेपाल एलपी ग्यास उद्योग संघले उपभोक्तालाई आफूसँग रहेको खाली सिलिण्डर डिलरमा बुझाउनसमेत आग्रह गरेको छ। संघका अनुसार उपभोक्ताले बजारमा आधा ग्यास सिलिण्डर आएको जनाउँदै खाली सिलिण्डर घरमा राखेका कारण सिलिण्डर अभाव भएको छ। गत बुधबार बसेको निगम सञ्चालक समितिको बैठकले बिहीबारदेखि सिलिण्डर ग्यास भरी आजदेखि सबै ग्यास उद्योगलाई बजारमा ग्यास पठाउन निर्देशन दिएको थियो। बजारमा खाना पकाउने ग्यासको माग उच्च भएपछि निगमले यही चैत १२ गते बेलुकी आधा सिलिण्डर ग्यास बिक्रीवितरण गर्ने निर्णय गरेको थियो। चैत १६ गतेदेखि मुलुकभर आधा सिलिण्डर ग्यास बिक्री भएको थियो।

## कर्पोरेट समाचार

### एनआरएनएको २४ घन्टे हेल्पलाइन सञ्चालनमा

**काठमाडौं –** गैरआवासीय नेपालीले सामना गर्नु परेको समस्यालाई सुनुवाइ गर्ने उद्देश्यले गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)ले आइतबारदेखि टेलिफोन हेल्पलाइन सञ्चालनमा ल्याएको छ। सङ्घको काठमाडौंस्थित सचिवालयबाट २४ सै घण्टा सञ्चालन हुने उक्त हेल्पलाइनमा कोरोना महामारीका कारणले अलपत्र परेका नेपाली, वैदेशिक रोजगारी रहेका नेपाली, नेपाली विद्यार्थीलगायतले फोन गरेर आआफ्ना समस्या टिपाउन सक्नेछन्। भाइवर, ह्वाट्सअपबाट पनि हेल्पलाइनमा सम्पर्क गर्न सकिने सङ्घले जनाएको छ।

बिहान ०८ देखि अपराह्न ५ बजेसम्म ९८४१२८०००५, साँझ ५ देखि राति १२ बजे सम्म ९८०८३१२५५५ र राति १२ देखि बिहान ०८ बजेसम्म ९८२३४५८२०४ नम्बरमा सम्पर्क गरी समस्या राख्न सकिने सङ्घका महासचिव हेमराज शर्माले जानकारी दिए। सङ्घले यसअघि नै २४ सै घण्टा स्वास्थ्य हेल्प लाइन सञ्चालनमा ल्याइसकेको छ।

### आरफ फार्मेसीद्वारा प्रेस ज्याकेट प्रदान



**काठमाडौं–** आरफ फार्मेसीले प्रेस सङ्गठन नेपाल, काठमाडौं शाखालाई ५० सेट प्रेस ज्याकेटसहित सुरक्षा सामग्री सहयोग गरेको छ। वीर अस्पताल अगाडिको सो फार्मेसीका सञ्चालक ठाकुर पोखरेलले ज्याकेटसहित ५०० थान मास्क र ५० थान स्यानेटाइजर सङ्गठनको काठमाडौंका शाखाका संयोजक सागर पन्तलाई आइतबार हस्तन्तरण गरे।

कोरोना भाइरसबाट बचाउन मुलुकमा लकडाउन जारी भएका बेला नियमित समाचार सङ्कलन, प्रस्तुति र सम्पादनमा कार्यरत सञ्चारकर्मीका लागि व्यवसायी पोखरेलले सो सामग्री हस्तान्तरण गरेका हुन्। संयोजक पन्तले आवश्यकताका आधारमा सञ्चारकर्मीलाई उक्त सामग्री उपलब्ध गराउन थालिएको जानकारी दिए। यसअघि सो सङ्गठनको ललितपुर शाखाले पनि सञ्चारकर्मीका लागि प्रेस ज्याकेट वितरण गरेको थियो।

### रोकथाम कोषमा सानिमा बैंकको १० लाख

**पोखरा –** सानिमा बैंक लिमिटेडले गण्डकी प्रदेश सरकारले स्थापना गरेको कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोषमा रु १० लाख प्रदान गरेको छ।

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलाई शनिबार सो बैंकका गण्डकी प्रदेश प्रबन्धक भावुक तण्डुकारले सो रकम बराबरको चेक हस्तान्तरण गरेका हुन्। मुख्यमन्त्री गुरुङले कोभिड-१९ सँग जुध्नका लागि सरकारी तथा निजी क्षेत्रको सहयोग आवश्यक रहेकामा जोड दिँदै सहयोग गर्ने सबैमा धन्यवाद व्यक्त गरे। सानिमाले सङ्घीय सरकारको कोरोना राहत कोषमा रु ५० लाख तथा देशका सात प्रदेश सरकारलाई रु १० लाखका दरले सहयोग गरेको बताइन्छ।

**कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना**

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा 'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष' खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ संस्थाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

बैंकको नामः **राष्ट्रिय वाणिज्य बैंक**
शाखाः **सिंहदरबार परिसर**
खाताको नामः **कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष**
खाता नं.: **१९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**




अब मात्र एक क्लिकमा...
**www.prabhabonline.com**
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : धुम्बराही-४, काठमाडौं, नेपाल, फोन/फ्याक्स नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, कार्यकारी सम्पादकः कमलराज राई